संस्कृत-नेपाली-अंग्रेजी

तद्भव शब्दकोश

डा. विष्णुराज आत्रेय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमते विदुषे डा. सुबोध शुक्ल महोदय
उपाहृति
२०६०/०५/२०

संस्कृत-नेपाली-अङ्ग्रेजी
तद्भव शब्दकोश

Sanskrit-Nepali-English
Tadbhava Dictionary

कोशकार

डा. विष्णुराज आत्रेय

प्राध्यापक

नेपाल संस्कृत विश्वविद्यालय

पूर्व प्राध्यापक महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल

पूर्व अतिथि प्राध्यापक नेपाल चेयर काशी हिन्दू विश्वविद्यालय, वाराणसी

पूर्व अतिथि प्राध्यापक सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी

विद्यार्थी प्रकाशन प्रा.लि.

प्रकाशक तथा वितरक

कमल पोखरी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तक	:	**संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भव शब्दकोश**
कोशकार	:	डा. विष्णुराज आत्रेय
प्रकाशक	:	**विद्यार्थी प्रकाशन प्रा.लि.** फोन नं. ४२२७२४६, ४२४५८३४, ४४२३३३३
संस्करण	:	पहिलो, २०६९
सर्वाधिकार	:	कोशकारमा
ISBN	:	978-99946-1-672-5
मूल्य	:	रु. ३००/-
मुद्रण	:	Alliance Printers & Media House Pvt. Ltd.

Sanskrit-Nepali-English Tadbhava Dictionary by Prof. Dr. Vishnuraj Atreya

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

प्रात:स्मरणीय पूज्य पिताज्यूका शताब्दी जयन्तीमा शब्द-श्रद्धाञ्जलि
(वि.सं. १९६९-२०६९)

मनीषी देवराज अर्ज्याल

जन्म	स्वर्गारोहण
वि.सं. १९६९	वि.सं. २०३२

छोराछोरी अति पुलपुले भैदिंदा बिग्रिदिन्छन्
राख्दा धेरै पनि अदबमा लोककासामु झुक्छन् ।
यी आँखाका सम नजिकमा नाक झैं बस्नुपर्छ
भन्ने बाबासरि कुन ठुलो पुत्रका निम्ति हुन्छ ? ।।

(कोशकारको 'मातृमहिमा' काव्यबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमुख

मेरा परम आदरणीय गुरु प्रा. डा. विष्णुराज आत्रेयले बडो मेहेनतसाथ तयार गर्नुभएको यो ग्रन्थ मैले हेरें। यो ग्रन्थ संस्कृत भाषाबाट नेपाली भाषामा आएका तद्भव शब्दहरूको कोश हो। यसमा ग्रन्थकारको प्रकाण्ड संस्कृतविद्वत्ता र अद्वितीय उर्वर प्रतिभा झल्किएको छ। नेपाली भाषा र भाषाविज्ञानमा रुचि राख्ने व्यक्तिहरूका लागि यो अति चाखलाग्दो कृति छ।

स्तरीय साहत्यिक नेपाली भाषाको लेखाइमा भण्डै ७० प्रतिशत जस्तो संस्कृतका शब्दहरू हुन्छन्। संस्कृतमा जस्तो लेखिन्छ नेपालीमा पनि त्यस्तै लेखिने शब्दहरूलाई तत्सम शब्द भन्ने चलन छ। नेपालीमा भरमार प्रयुक्त हुने तत्सम शब्दहरूको उदाहरणका लागि यो वाक्य हेरौं – **'राष्ट्रिय सहमति सरकार गठनको नेतानिहित मुद्दामा संक्रमणकाल जेलिइरहँदा काठमाडौं नेतृत्वका आशान्वित शक्तिकेन्द्रका रूपमा उत्तर र दक्षिणका राजनीतिक नेतृत्वमा ऐतिहासिक परिवर्तन आरम्भ** भएको छ।' (कान्तिपुर १७ कात्तिक, २०६२ पृ. ७)। नेपालीमा संस्कृतका तत्सम शब्दहरूको प्रयोग देखाउन यस्ता वाक्यहरू धेरै उद्धृत गरिरहनु पर्दैन। स्वतःसिद्ध कुरालाई प्रमाणित गर्न उदाहरण दिइदिई व्याख्या गरिरहने श्रम अनावश्यक छ। संस्कृत जान्नेहरूका लागि मात्र यो कुरा लागू हन्छ। तर संस्कृत नपढेकालाई यी शब्द संस्कृत तत्सम हुन् भन्ने थाहा नहुन सक्छ।

संस्कृतबाट नेपालीमा आएका तर संस्कृतको मूलरूपमा परिवर्तन वा विकार आएकाले झट्ट चिनिहाल्न केही गाह्रो हुनसक्ने शब्दहरू पनि धेरै छन्। तिनलाई संस्कृतका तद्भव शब्द भन्ने चलन छ। अतः संस्कृतलाई नेपाली भाषाको जननी भनिन्छ। जस्तो अक्षि> आँखा, अग्नि> आगो, अङ्गुलि> औंला, कर्ण> कान, गौ> गाई, घृत> घिउ, चत्वर> चउर, चतुर्> चार, छत्र> छाता, जङ्घा> जाँग (जाङ), जिह्वा> जिब्रो, स्थान> थान (ठाउँ), दन्त> दाँत, दुग्ध> दूध, धूलि> धुलो, नासा> नाक, पत्र> पात, वलय> बालो, भक्त> भात, मांस> मासु, रम्य> राम्रो, सप्त> सात, हस्त> हात इत्यादि। संस्कृत पढेका मानिसलाई यी तद्भव शब्दहरू संस्कृतबाट आएका हुन् भन्ने ज्ञान सजिलै हुन सक्छ। तर संस्कृत नपढेका मानिसलाई त्यो ज्ञान सहज नहुन पनि सक्छ।

छोराको अनुहार पिताको अनुहारसित धेरै मिल्न जान्छ र मानिहरू सोध्छन् 'तिमी फलानाको छोरा हौ ?' भाइको अनुहार दाजुको अनुहारसित धेरै मिल्न सक्छ र मानिहरू सोध्छन् 'तिमी फलानाको भाइ हौ ?' छोरीको अनुहार आमाको अनुहारसित धेरै मिल्न जान्छ र मानिहरू सोध्छन् 'तिमी फलानीकी छोरी हौ ?' बहिनीको अनुहार दिदीको अनुहारसित धेरै मिल्न सक्छ र मानिसहरू सोध्छन् 'तिमी फलानीकी बहिनी हौ ?' मनुष्यका ज्ञातिसम्बन्ध (नातागोता) मा अलिअलि अनुहार मिल्छ। भाषा पनि मनुष्य र अरू प्राणीहरूजस्तै जैविक वस्तु हो। त्यसो भन्नुको मतलब भाषाको पनि जननीभाषा र भगिनी (दिदीबहिनी) भाषासित अनुहार मिल्छ।

भाषाको अनुहार मिल्ने भनेको के हो ? पहिलो, कुनै शब्दको स्वरूप (वर्ण, ध्वनि वा श्रुतिहरू)मा सादृश्य (समानता) हुनु हो। दोस्रो, ती शब्दको अर्थमा पनि सादृश्य हुनु हो। दुबै कुरामा सादृश्य देखिन आयो भने त्यस्तो सादृश्य हुनुले दुई भाषाबीच ज्ञातिसम्बन्ध रहेछ कि भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुमानलाई आधार दिन्छ । अब फेरि प्रश्न उठ्छः कतिसम्मको सादृश्यलाई ज्ञातिसम्बन्धको आधार मान्ने ? शब्दको एउटा श्रुति मिल्यो भन्नासाथ यो ज्ञातिशब्द रहेछ भन्न मिल्दैन । संस्कृतमा क्रौञ्च भन्ने शब्दको अर्थ एउटा चरो विशेष हो । अङ्ग्रेजीमा क्रो भन्ने शब्दले काग भन्ने चरालाई बुझाउँछ । अतः त्यसको थप अध्ययन गर्नुपर्छ । त्यो एउटै मूलबाट निस्केको हो भनेर ठोकुवा गरिहाल्न मिल्दैन ।

संस्कृतको पितर् र अङ्ग्रेजीको फादर् शब्दमा ती दुई शब्दको अन्तमा रहेको र् बाहेक अरू केही मिलेको जस्तो लाग्दैन । तर यी ज्ञातिसम्बन्ध भएका शब्द हुन् भन्ने कुरा अध्ययनले सिद्ध गरेको छ । त्यो अध्ययन भनेको के ? शब्दको आदिमा रहेका प र फ ओष्ठस्थानी वर्ण हुन् यद्यपि एउटा अल्पप्राण प्रयत्नवाला र अर्को महाप्राण प्रयत्नवाला छ । पितर्‌को तकार र फादर्‌को दकारमा पनि सादृश्य छ किनकि दुबै दन्तस्थानी वर्ण हुन् यद्यपि एउटा 'अघोष' अल्पप्राण प्रयत्नवाला र अर्को 'सघोष' अल्पप्राण प्रयत्नवाला छ । पितरको इकार र फादरको आकार भारोपेली भाषापरिवारमा नियमित रूपमा परिवर्तन हुने स्वरवर्ण हुन् । भाषामा ध्वनिपरिवर्तनको 'व्यवस्थित नियमिता' र 'व्यवस्थित अपवाद' हुन्छन् । भाषिक परिवर्तनको प्रक्रियामा 'अव्यवस्थित' केही पनि हुन्न ।

प्रा.डा. विष्णुराज आत्रेयले तयार गर्नुभएको यस ग्रन्थले ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानको व्यवस्थित अध्ययन गर्न चाहने संस्कृतज्ञ तथा संस्कृत-अज्ञ सबै नेपालीहरूलाई प्रशस्त सामग्री दिएको छ । शिक्षित नेपाली समाजमा यसको भव्य स्वागत हुनेछ भन्ने मेरो दृढ विश्वास छ ।

डा. जयराज आचार्य

१११ श्रीमार्ग, लाजिम्पाट
काठमाडौं, नेपाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नयाँ कोश नयाँ दृष्टिकोण

डा. विष्णुराज आत्रेय सौम्य प्रकृतिका, निरन्तर सक्रिय, व्याकरण तथा साहित्यका प्रवीण विद्वान् हुनुहुन्छ। संस्कृत, नेपाली र अवधी भाषामा समेत लगभग दुई दर्जन कृति प्रकाशित गरिसकेका डा. आत्रेयको यो नवीन ग्रन्थ हो, **संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भवकोश**।

यस कोशका माध्यमबाट मानक नेपाली शब्दका साथै ग्राम्य बोलीमा व्यवहार हुने झर्रा ठर्रा शब्दहरूले समेत आफ्नो मूल अमरभाषा संस्कृतसँग सम्बन्ध गाँस्ने अवसर पाएका छन्। त्यसै हुनाले अहिलेसम्म नेपाली बजारमा पाइने कोशहरूमध्ये नितान्त नवीन र फरक शैलीको बन्न पुगेको छ, यो कोश।

डा. आत्रेयको यो कोश नेपाली तथा संस्कृतका विद्वान्, अनुसन्धाता, अध्येता, त्यसमा पनि भाषाविज्ञानका जिज्ञासु पाठक र गवेषकहरूमा अत्यन्त उपयोगी र प्रशंसनीय हुने कुरामा मलाई विश्वास छ। यतिमात्र होइन, तद्भव शब्दको सामान्य अर्थ समेत अङ्ग्रेजीमा दिइएको हुनाले यो कोश स्वदेशीमात्र होइन विदेशीहरूलाई पनि निकै चाखको विषय हुनेछ, मेरो दृष्टिकोणमा।

डा. आत्रेय जस्ता विविध भाषाविद् एवम् व्याकरण र साहित्यका विद्वान्बाट यस्तो बहुभाषिक कोश ग्रन्थको उद्घाटन अवश्य पनि कुनै आश्चर्यपूर्ण घटना होइन, तर म विश्वस्त छु यो ग्रन्थ एउटा महत्त्वपूर्ण कोशका रूपमा कालान्तरसम्म विस्तारित हुँदै जानेछ। कोशकारलाई मेरो हार्दिक शुभकामना। **चरैवेति.. चरैवेति .....!**

प्रा. डा. दुर्गाप्रसाद भण्डारी

भीमसेनगोला, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्युत्पत्तिलक्ष्यी नवकोश

सुविख्यात विद्वान् र साहित्य स्रष्टा प्रा. डा. विष्णुराज आत्रेय खास गरी संस्कृत र नेपाली दुवै वाङ्मयका मनीषी हुनुहुन्छ । अहिले उहाँको **'संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भव शब्दकोश'**, नामक विशिष्ट ग्रन्थ प्रकाशित हुँदैरहेछ । मैले यस ग्रन्थका केही पाना पल्टाई हेरेँ र विद्वान् कोशकारका 'उठान' शीर्षकको आत्ममन्तव्य पनि मोटा मोटीमा पढेँ । यो कोश पाँचहजारभन्दा बढी नै सङ्ख्याका त्यस्ता संस्कृत शब्दको वर्णानुक्रमी विन्यासमा आधारित रहेको रहेछ, जुन नेपाली तद्भव (संस्कृतज) शव्दका मूलका रूपमा यहाँ कोशकारद्वारा प्रस्तुत र प्रस्तावित छन् ।

यस कोशमा विशेषतः तद्भव नेपाली शब्दलाई पर्यायित रूपमा वर्णानुक्रमित मूल संस्कृत शब्दको दायाँपट्टि राखिएको छ र त्यसको अङ्ग्रेजीमा अर्थसमेत दिइएको छ । नेपाली तद्भव शब्दका स्रोत संस्कृत शब्दका पहिचानका निम्ति यो कोश विद्वत्तापूर्ण थप नवग्रन्थका रूपमा अत्यन्त उपादेय छ भन्ने म ठान्दछु ।

कोशकार आत्रेयज्यू संस्कृत नव्य व्याकरणका आचार्य र चार दशक बढीसम्म अध्यापनरत प्राध्यापक हुनाका साथै नेपाली भाषा, व्याकरण र साहित्य वाङ्मयका परम अनुरागी समेत भएकाले नै प्रस्तुत कोश जन्मन सकेको हो भन्ने पनि मेरो दृढ अभिमत छ ।

यस परिप्रेक्ष्यमा प्रस्तुत गहन विद्वतापूर्ण र मुख्यतः संस्कृतवर्णानुक्रमी रही व्युत्पत्तिलक्षित तथा पर्यायी तद्भव नेपाली शब्दकोशीय चासो अभिव्यक्त भएको यस नव शब्दकोशको म पूर्णतः स्वागत गर्दछु र नेपाली तद्भव शब्दको वर्णानुक्रममा संस्कृत शब्दस्रोत बताउने यसैको पूरक अर्को शब्दकोशको रचनाका निम्ति पनि कोशकार आत्रेयज्यूलाई हृदयैदेखि अनुरोध गर्दछु । नेपाली प्राज्ञिक समुदाय र विशेष जिज्ञासु नेपाली छात्र-छात्राहरूका निम्ति यो कोश उपादेय ग्रन्थ हुन सकोस् भन्दै विद्वान् कोशकार आत्रेयज्यू प्रति प्राज्ञिक साधुवाद व्यक्त गर्दछु ।

डा. वासुदेव त्रिपाठी

बानेश्वर, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली कोशपरम्परामा एउटा अद्भुत कोशको प्रादुर्भाव

व्याकरणशास्त्रका वरिष्ठ विद्वान् एवं नेपाली, संस्कृत र अवधी साहित्यका मानित साहित्यकार प्रा. डा. विष्णुराज आत्रेय साहित्य संसारमा लाटो साथी उपनामबाट प्रसिद्ध हुनुहुन्छ। आफ्ना पूज्य पिता मनीषी देवराज अर्ज्याल, आफ्ना आराध्य पितामह विद्वद्वर रश्मिराज अर्ज्याल र उहाँका सतीर्थ्य एवं सखा महापण्डित दधिराम मरासिनीको वात्सल्यमय छत्रछायाँमा हुर्कने र व्याकरण, कोश आदिको प्रारम्भिक अध्ययन गर्ने सौभाग्य पाउनुभएका डा. आत्रेयको व्यक्तित्वमा उहाँहरूकै शिक्षा, साधना र संस्कारको घनीभूत प्रभाव हृदयङ्गम गर्न सकिन्छ। डा. आत्रेयले धेरै भाषा र विधामा कलम चलाउनु भएको छ। नेपाली, संस्कृत र अवधी भाषाका अनेक पाठकले उहाँका चिन्तन र कल्पनाप्रधान कृतिहरूको रसास्वादन गर्ने अवसर पाएका छन्। अहिले उहाँ व्याकरणशास्त्रीय ग्रन्थिभेदन र साहित्य सिर्जनाभन्दा फरक विधा कोशशास्त्रको अकृतवाग्द्वार फाँटमा **संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भव शब्दकोश**का रूपमा एउटा चहकिलो ज्योति लिएर उदाउनुभएको छ।

नेपालको सीमा नाघी उपमहाद्वीपमा फैलिएको नेपाली भाषाले अहिले त्यसको पनि सीमा नाघेर सबै महादेशलाई राम्ररी स्पर्श गरेको कुरामा कसैको विमति छैन। नेपाली भाषामा भित्रिएका संस्कृत तत्सम शब्द र तिनबाट बनेका तद्भव शब्दहरूका आधारमा नेपाली भाषाको मुहान संस्कृत भाषा नै हो भन्ने कुरा घामझैँ छर्लङ्ग छ। हजारौँ वर्ष अघिदेखि उच्चारणगत स्खलन वा भ्रंशनका कारण तत्समभाव छाडी तद्भवका रूपमा जनजिब्रोमा झुन्डिएर ठेट नेपाली वा झर्रो नेपालीको आकार लिई हिमाल, पहाड, तराई र उपत्यकामा लोकभाषा, लोकसाहित्य र साहित्य बनेर जनताका कण्ठ-कण्ठमा चलखेल गर्ने लाखौँ शब्दहरू नेपाली हृदयका वास्तविक पहिचान हुन्, सम्मोहन मन्त्र हुन् र इतरव्यावर्तक सूत्रजाल हुन्।

सर्वसाधारणका लागि बाह्रै महिना, चौबीसै घन्टा अखण्ड रूपमा व्यवहार र भावाभिव्यक्तिका आत्मीय साधन बनेका ती ठेट वा झर्रा शब्दहरूको विधिवत् मूल प्रकृति केलाउने काम नहुँदा पर्न गएको ठूलो खाडल पुर्ने काम आजसम्म कसैबाट हुन नसकेको स्थितिमा प्रा.डा. विष्णुराज आत्रेयले संस्कृत-नेपाली-अग्रेजी तद्भव शब्दकोश रचनाको स्वर्णिम सुरुवात गर्नु भएको छ।

संस्कृत व्याकरण एवं साहित्यको चौडा फाँट र नेपाली लोकजीवनलाई राम्ररी आत्मसात् गर्नुभएका विद्वान् कोशकार प्रा.डा. आत्रेयले आफ्नो विद्वत्ता र अनुभवको भरपूर उपयोग गरी यस कृतिको रचना गर्नु भएको छ। यसमा नेपाली मानक शब्द र झर्रा शब्दहरूको मूल पहिल्याउने डा. आत्रेयको यो जटिल प्राज्ञिक कर्म अद्भुत उपलब्धिका साथ **संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भव शब्दकोश**का रूपमा मूर्तिमान् भएको छ।

डा. आत्रेयले यस कोशकृतिमा अधिकांश प्रचलित नेपाली ठेट शब्दहरूको मूल पहिल्याउनु भएको छ। तद्भव शब्दको आकृति-प्रकृति अनुकूल संस्कृतका नयाँ शब्द निर्माण गरी लक्ष्यस्पर्श गराउने सफल प्रयास गर्नुभएको छ र लक्ष्यनजिकै पुगेका केही संस्कृत शब्दहरूको प्रविष्टि पनि गराउनु भएको छ। यसरी हेर्दा यस कोशकृतिमा नेपाली तद्भव शब्दहरूका केही वाङ्मयसिद्ध लक्ष्यभेदी मूल संस्कृत शब्द, केही लक्ष्य स्पर्शी मूल संस्कृत शब्द र केही लक्ष्य सन्निकट मूल संस्कृत शब्द गरी प्रविष्टिका तीन आधार अवगत गर्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. तद्भव वर्गका नेपाली शब्दका लक्ष्यभेदी मूल संस्कृत शब्द - नेप्टोका लागि - **अवनाट**; आँखाको नानीका लागि - **कनीनिका**, गलबन्दाका लागि - **गलबन्धः**, झिनोका लागि - **क्षीणः**, चर्खेपिङका लागि - **चक्रप्रेङ्खः**, तादीका लागि - **तदानीम्**, गोबरका लागि - **गोर्वरम्** आदि ।

२. तद्भव वर्गका नेपाली शब्दका लक्ष्यस्पर्शी मूल संस्कृत शब्द - क्वाँटीका लागि - **क्वाथी**, छोलाका लागि - **क्षुल्लिका**, छानवीनका लागि- **चयनवीक्षणम्**, छ्यानविछ्यानका लागि- **चयनविचयनम्**, तितेपातीका लागि - **तिक्तपत्री** आदि ।

३. तद्भव वर्गका नेपाली शब्दका लक्ष्यसन्निकट मूल संस्कृत शब्द - अर्नीका लागि - **अह्निः**, घरधन्दाका लागि - **गृहधन्दा**, चुकाउनीका लागि - **चुक्रलावणिकम्**, धम्कीका लागि - **धमक** : इत्यादि ।

यी सामान्य नमुना शब्द हुन् । विद्वान्हरूले उक्त तीन प्रकृतिका शब्दहरूको अध्ययन गरी कोशकार डा. आत्रेयको कठोर अध्यवसाय र पारदर्शी प्रज्ञा अनुभव गर्न सक्नेछन् ।

महासागरमा प्रवेश गर्ने रत्नान्वेषी तैराकले हिंस्रक जलीय जीवसँग जोगिँदै र सिपीका जाल पन्छाउँदै चम्चमाउँदा रत्नहरूको सञ्चय गरे झैँ कोशकार डा. आत्रेयले नेपाली तद्भव शब्दका मूल संस्कृतशब्द पहिल्याउन अगाध संस्कृत-वाङ्मय सागरमा गोता लगाउँदा आलस्य, सन्देह र भ्रान्तिजस्ता लक्ष्यमा आघात पार्ने तत्त्वसँग जोगिँदै र मूलाभास गराउने शब्दराशि पन्छाउँदै प्रामाणिक र विश्वसनीय शब्दरत्नहरूको सञ्चय गरी कोश तयार गरेर सम्बद्ध जिज्ञासुहरूको उपकार गरी आफूलाई अभिनन्दनीय तुल्याउनु भएको छ। नैरुक्त युगदेखि हाम्रा आचार्यहरूले अनेक कोशकृति रचना गरेर कोशविधालाई समृद्ध तुल्याएका छन् । हाम्रै नेपाली माटोमा पैदा भएका विश्वप्रसिद्ध कोशकार अमरसिंह बाँडालाई कसले चिन्दैन ? प्राचीन आचार्य र नवीन कोशकारहरूको सरणि अँगालेर नेपाली तद्भव शब्दको सागरमा पसी एउटा चम्चमाउँदो रत्न प्रकाशित गर्नु भएकोमा अत्रिनन्दन आत्रेय झैँ देव-नन्दन डा. विष्णुराज आत्रेय पनि आस्थास्पद हुनुभएको छ ।

कोशनिर्माण ज्यादै जटिल कर्म हो । यसमा दीर्घकालिक साधना, गम्भीर अध्ययन, बहुभाषिक व्युत्पत्ति, लोकव्यवहारको यथार्थ ज्ञान, युगबोध, भाषाविज्ञानको गहिरो व्युत्पत्ति र निर्णायक पाण्डित्य चाहिन्छ । कोशकार डा. आत्रेयमा उक्त गुण परिलक्षित भएकाले यस कोशकृतिको अध्ययनबाट स्वदेशी एवं विदेशी विद्वत्समाज र पाठकसमूह लाभान्वित हुनेछन् भन्ने मलाई लागेको छ ।

यस कोशमा लगभग पाँचहजार मूल संस्कृतशब्दले प्रविष्टि पाएका छन् । ती शब्दका तद्भव नेपाली रूप र तिनको अङ्ग्रेजीमा समेत अर्थ दिई तयार गरिएको यो कोश संस्कृत र नेपाली भाषाका अध्येता एवं अनुसन्धाता दुवैका निमित्त अत्यन्त उपयोगी र अध्ययनीय सामग्रीका रूपमा प्रकाशित भएको छ ।

यस कोशकृतिबाट नेपाली भाषाको साहित्यिक र भाषा वैज्ञानिक अध्ययन-अनुसन्धानमा सघाउ पुग्नुका साथै भारतीय उपमहाद्वीपका आर्यभाषाहरूको अध्ययन-अनुसन्धानमा पनि नयाँ उन्मेष प्राप्त हुनेछ। यसका प्रयुक्त मूल प्रविष्टिहरूको अङ्ग्रेजीमा पनि अर्थ दिइएकाले संस्कृत र नेपाली भाषाको क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने विदेशी अध्येता र अनुसन्धाताका लागि पनि यसले नयाँ ढोका उघारिदिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत, नेपाली र अङ्ग्रेजीका क्रममा तयार गरिएको यस कोशको प्रकाशनपछि संस्कृत, अङ्ग्रेजी र नेपालीका क्रममा अर्को कोश तयार गर्नुपर्ने टड्कारो आवश्यकतालाई यसै कोशले संकेत गरेको छ। हुनपनि अहिले संस्कृतसँग ध्वनि र अर्थमा सादृश्य भएका अङ्ग्रेजी शब्दहरूको एउटा कोशको अत्यधिक खाँचो अनुभव गरिएको छ। यस खाँचोलाई पूर्ति गर्ने दायित्व डा. आत्रेय जस्ता विद्वान्बाट नै हुनेछ। विद्वान् कोशकारले यो आवश्यकता हृदयङ्गम गरी अवश्य पाइला चाल्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।

अन्तमा, यस्तो बहुमूल्य ग्रन्थरत्नको रचना गर्नुभएकोमा मेरा सहकर्मी र अन्तरङ्ग मित्र वरिष्ठ विद्वान् एवं साहित्यकार डा. विष्णुराज आत्रेयज्यूमा बधाई टक्र्याउँदै उहाँको निरन्तर अभ्युदय र निःश्रेयसको कामना गर्दछु।

आत्रेयविदुषो ह्येष कोशग्रन्थो यशस्कर :।
आचन्द्रतारकं स्थेयादिति मे शुभशंसना॥

डा. वेणीमाधव ढकाल
प्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय,
वाल्मीकि विद्यापीठ, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डा. विष्णुराज आत्रेयको त्रैभाषिक संस्कृत शब्दकोश

डा. विष्णुराज आत्रेय नेपाल संस्कृत विश्व विद्यालयका संस्कृत व्याकरणका प्राध्यापक भनेर मैले चिनाई रहनु पर्दैन । उहाँको संस्कृत विश्व विद्यालयका संस्कृत व्याकरणका प्राध्यापक भन्दा बेग्लै परिचय के छ भने, उहाँ आफ्ना परिवारका सदस्यसँग संस्कृतमै कुरा गरी रहेको मैले पाएको छु । 'लाटो साथी' भन्ने उपनामसँग उहाँका सिर्जनशील रचना पनि धेरै छापिएको कुरो शब्द कोशका प्रसङ्गमा त्यति चासो राख्नु पर्ने विषय नहोला, तर नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी गरी चारै ओटा भाषामा गति भएका डा. आत्रेयले यो कोश त्रैभाषिक नबनाएर हिन्दी भाषा समेत थप्ता चौभाषिक हुन सक्थ्यो र हिन्दी बुझ्ने तर नेपाली वा अङ्ग्रेजी बुझ्न नसक्ने पाठकलाई पनि फाइदा हुने थियो भन्ने काव्यात्मक कल्पना अहिले मेरा टाउकामा घुमिरहेको छ ।

डा. आत्रेयलाई यो कोश बनाउने मूल प्रेरणा नेपाली शब्दसित ध्वनि र अर्थको सामीप्य राख्ने संस्कृत भाषाका 'सहज्ञाति शब्द' (cognate words) बाट मिलेको हो । तुलनात्मक भाषाशास्त्र र ऐतिहासिक भाषा विज्ञानमा यस्तै शब्दको अध्ययन मुख्य रूपमा गरिन्छ । ऐतिहासिक भाषा विज्ञानका आधारमा यस्ता शब्दको अध्ययनबाट शब्दहरूको तुलनात्मक इतिहास (वा व्युत्पत्ति) पनि पत्तो लगाउन सकिन्छ । यस्ता पर्यायवाची सहज्ञाति शब्द मात्र डा. आत्रेयका यस कोशको अध्ययनका प्राथमिकतामा पर्ने भएकाले जुन जुन संस्कृत शब्दसँग उच्चारण र अर्थसँग एकै चोटि साइनो राख्ने नेपाली शब्द भेटिएनन्, त्यस्ता शब्दले यस कोशमा ठाउँ पाएका छैनन् अर्थात् नपाउनु पर्ने हो । त्यसो त, अङ्ग्रेजी अर्थमा आउने शब्दले पनि प्रविष्टिमा राखिएको संस्कृत शब्दसित झन्डै उच्चारण र अर्थमा सामीप्य राखोस् भन्ने लक्ष्य कोशकारले राखेको देखिन्छ, जस्तै

१. (संस्कृत) अगणिति > (नेपाली) अनगन्ती > (English) conuntless, uncountable

२. (संस्कृत) चिह्न > (नेपाली) चिनो, चिनु > (English) sign

३. (संस्कृत) द्वार > (नेपाली, हिन्दी) दर, दरा > (English) door

४. (संस्कृत) पाषण्ड (नेपाली) पाखन्ड > (English) hypocrisy (religious)

यस शब्द कोशमा मूल प्रविष्टि संस्कृत मात्र दिइएको छ र अर्थ वा पर्याय चाहिँ नेपाली र अङ्ग्रेजीमा दिइएको छ । विश्वभरका कोशकारहरूले कोश बनाएर प्रशंसाको ओइरो कहिल्यै पाएका छैनन् । जस्तै समृद्ध र सम्पन्नकोशमा पनि पाठक वा आलोचकहरूले आ-आफ्ना आवश्यकता र दृष्टिकोण अनुसार यसमा यस्तो भएको भए त झन् राम्रो हुन्थ्यो भन्न छोड्दैनन् । कोशकारले पनि आफ्नो कोशकलाई निरन्तर परिष्करण, परिमार्जन गर्न र खार्न छाड्दैनन् । डा. आत्रेयलाई पनि यस कोशका भविष्यको बान्की कस्तो हुने र कोशका थप बान्की कस्ता बनाउने भन्ने प्रेरणा मिल्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

- डा. माधव प्रसाद पोखरेल

सानेपा, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उठान

देवराजसुधीसूनूर्विष्णुराजाऽभिधो बुधः।
कोशस्तद्भवशब्दानां कुरुते लोकहेतवे ।।

अनादि, अनन्त, नित्य पूर्ण र अक्षरतत्त्व हो शब्द । यो विश्व ब्रह्माण्ड, यो चराचर जगत् सबै शब्दकै विवर्त हो, परिणाम हो । **ओमित्येकाक्षरं ब्रह्म** जस्ता उपनिषद् वाक्यले शब्दलाई ब्रह्म भनेर व्यक्तचाएका छन् । शाश्वत सुखकामी मनुष्यले ब्रह्मतत्त्वकै श्रवण मनन र निदिध्यासन गर्नु पर्दछ, भन्छ वेदान्तदर्शन पनि ।

एकः शब्दो नानार्थः ।

एउटा मूल शब्दका पछाडि त्यससँग सम्बद्ध अनेकन अर्थहरू आफै पछि पछि लाग्छन्, एउटा चुम्बकको आकर्षणमा फलामका अनेकौं ससाना टुक्राहरू खिँचिएजस्तै, एउटा पाकेका चिउरीका बोट वरिपरि सयौं माहुरीहरू रिगँजस्तै, अनि अठार हजार गोपिनीहरू आफ्ना सारा काम धाम छोडेर एउटै कृष्णका पछि लागेजस्तै । शब्दका पछि अर्थ कसरी लाग्छन् भन्ने कुरालाई महाकवि कालिदासले श्रुति र स्मृतिको उदाहरण दिँदै भनेका छन्-**श्रुतेरिवार्थं स्मृतिरन्वगच्छत्** ।

विश्व वाङ्मयका मूलमा वेदछन् । शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी छः विषय वेदका अङ्ग हुन् । मूलमा मल जल गरेमात्रै त्यसका हाँगा बिँगा र फलपातले पोष पाउँछन् । हाम्रा पुर्खाहरूले शब्द ब्रह्मप्रति जिज्ञासा भएका व्यक्ति वा ब्राह्मणका लागि वेदको स्वाध्ययनका साथै यसका छः अङ्ग समेतको अध्ययनलाई अनिवार्य कर्त्तव्य तोकिदिए- **ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च ।**

कुनै व्यक्तिको रूप, रङ्ग, कद र ओजआदिले भरिपूर्ण मादक र मांसल शरीर तथा यसका सजग र समुत्सुक विषयी अङ्गहरू त्यस व्यक्तिले गरेको भोजनका भरमा सबल र सक्रिय हुन्छन् । ती अङ्गहरू जतिसुकै हट्ठा कट्ठा भए पनि मुखका अभावमा वा मुखले केही नखाइदिएर अनशन बसिदिँदा केही समयमै झचाम्राक् झिम्रिक्कै हुन्छन् । अङ्गभरिमा मुखको प्रमुखस्थान हुनाले नै उल्लिखत वेदका अङ्गहरू मध्ये व्याकरणलाई मुखको प्रतीक मानिएको छ - **मुखं व्याकरणं प्रोक्तम् ।**

व्याकरणभनेको शब्दका यथार्थ ज्ञानको माध्यम हो । नाम, अर्थ, लिङ्ग र विभक्तिको अनुशासन हो । साधारण बुझाइमा शब्दानुशासन हो । त्यसैकारण महर्षि पतञ्जलिले आफनो विशद व्याकरण ग्रन्थ महाभाष्यको थालनीमै अब शब्दहरूको उपदेश गरिन्छ भनेर लेखेका छन्- **अथ शब्दानुशासनम् ।**

कोशग्रन्थहरूपनि शब्दानुशासन भित्रै पर्छन् । विश्वका वरिष्ठतम कोशकार नेपाली मनीषी अमरसिंहले अमरकोशको थालनीमै यस ग्रन्थमा वर्ग वर्गमा छुटचाएर नाम र लिङ्गको समग्र उपदेश गरिएको छ भनेर उल्लेख गरेका छन्- **सम्पूर्णमुच्यते वर्गैर्नामलिङ्गानुशासनम् ।** नाम-लिङ्गानुशासन भनेको अर्को अर्थमा **शब्दानुशासन** नै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शब्दनै अक्षरतत्त्व हो, ब्रह्मतत्त्व हो । यसै गरी अर्थ भन्नुनै वस्तु हो, जगत् हो अर्थात् विवर्त तत्त्व । एउटै शब्दको विभिन्न अर्थमा विवर्त हुन्छ । त्यसै हुनाले हामीलाई लोकव्यवहार वा जागतिक जीवनका लागि अर्थ चाहिन्छ भने पारमार्थिक जीवनका लागि अक्षरतत्त्व । मानव मात्रले भ्याए सकेसम्म शब्दतत्त्वकै अध्ययन, मनन र चिन्तनमा समय बिताउनु पर्दछ । एउटै शब्दतत्त्व गहिरो गरी यथार्थ रूपमा जान्न बुझ्न सकियो भने मनुष्यका इहलोक तथा परलोकका समेत सबै आशा आकाङ्क्षाहरू पुरा हुन्छन् । पतञ्जलि भन्छन् - **एकः शब्दः सम्यक् ज्ञातः सुष्ठु प्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति ।**

व्याकरण शब्दशास्त्र हो भने शब्द र जागतिक अर्थतत्त्वको सहज सहभावनै हो साहित्य । मैले साहित्य लेखनमै आफ्ना जीवनका धेरै वसन्तहरू खपैं खपाएँ । तर ती शब्दविषयक थिएनन्, बरु सबका सबै प्रायः अर्थविषयक थिए । तिनमा मैले अर्थ लेखैं, शब्द लेखिन । पर्याय लेखैं, मूल लेखिन । माने लेखैं तर मन छोएन । हुन त त्यतिखेर पनि मैले कागजमा शब्दनै लेख्थैं , शब्दनै कोर्थैं तर ती शब्दहरू अर्थको लागि लेख्थैं । बुझ्नेले त्यसबाट अर्थै बुझ्दथे । पुरान भन्ने पण्डितहरूले पाठको अर्थलाउँदा मुखले शब्दनै बोल्दछन् ,बुझ्नेले तिनका अर्थमात्र बुझ्नेपनि ।

अर्थ त नश्वर वस्तु हो, संसारहो भोगहो । भोगले त मात्र रोग हुन्छ, रोग बढ्छ । अर्थमात्रका पछिलाग्नेलाई शाश्वत तृप्ति कहाँ कहिले कसलाई भएको छ र मलाई होस् । अर्थ वा भावोद्देश्यक साहित्य विधाका थुप्रै किताब लेखिसक्दा पनि म अतृप्तनै रहें । आफ्ना जीवनका छः दशक बिताएर सातौंमा प्रवेश गरिसक्दा पनि म अशान्तनै रहें ।

अहिले भने मैले कहिल्यै नभरिने अर्थकोशबाट आफूलाई मोडेर शब्दोन्मुख गराएकोछु, शब्दकोशोन्मुख गराएको छु । जतिबेला तिर्खा लाग्यो त्यतिबेलै खोला धाउने त हो नि ! जतिबेला वैराग्य आयो त्यतिबेलै सन्यासी हुने त हो नि ! शास्त्र भन्छ - **यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्** । (जुन दिन वैराग्य हुन्छ, त्यसै दिन घर द्वार छाडेर जोगी हुनु पर्दछ ।)

अँ त, शब्दविषयक अध्ययन र लेखनका मुख्यतया दुई धार छन् -एउटा व्याकरण अर्को कोश । व्याकरण भन्दासाथ नेपालकै पावनथलो पाणिनीय तपोभूमिको तूदी भन्नेठाउँ मा लेखिएको पाणिनीय व्याकरण तथा कोश भन्नाले नेपालकै संस्कृत विद्वान् अमरसिंह बाँडाद्वारा तयार पारिएको अमरकोश, यी दुवै मेरा हृदयपटलमा उघ्रिन्छन् । यी दुवै ग्रन्थ नेपाली वैदुष्यलाई विश्वभरि चिनाउने माध्यम हुन् । यिनी माथि हामी बाबु र आमालाईजस्तै सम्मान दिन्छौं- **अष्टाध्यायी जगन्मातामरकोषो जगत्पिता ।** (अष्टाध्यायी विश्ववाङ्मयकी आमा हुन्भने अमरकोश विश्ववाङ्मयका पिता)

आफ्ना प्रातःस्मरणीय पितामह विद्वद्वर रश्मिराज अर्ज्यालद्वारा लिखित रश्मिप्रभा टीका साथ अमरकोशको अध्ययन गरेको छु मैले । त्यसै भएर पनि मलाई यसले खिँचेको छ, आफूतिर । उहाँले मलाई कोश पढाउँदा अमरकोश प्रथमकाण्डको शब्दादिवर्गसम्म, द्वितीयकाण्डको प्रारम्भदेखि क्षत्रिवर्गसम्म र तृतीयकाण्डको पनि पहिले नानार्थवर्ग, र विशेष्यनिघ्नवर्ग अनि तृतीयकाण्डका बाँकी सबै वर्ग घोकाउनु भएको थियो । त्यसै हुनाले म आज कोश निर्माणतर्फ प्रवृत्त भएँ ।

कोश भनेको अर्थ पर्याय लिङ्ग र वचनको विवरणिका त हो । यसबाहेक सामान्य कोशमा अरू के पो हुन्छ र । आजसम्म अर्थका पछिलाग्दा लाग्दा लखतरान भएको मान्छेलाई फेरि अर्थमै फर्कनुपर्‍यो त ? अर्थकोश वा पर्यायकोशमैअल्मिनु पर्‍यो त ? **पुनस्तत्रैव वेताल: ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तर त्यसो होइन रहेछ । कोशमा प्रविष्टि पाएका प्रत्येक शब्दको आफ्नो छुट्टै बृहत् इतिहास हुँदो रहेछ, बृहत् संस्कृति हुँदोरहेछ । अनि प्रत्येक प्रविष्टि शब्द आफैँमा एउटा शीर्षक रहेछ । शीर्षक, एउटा कविताको, एउटा काव्यको, एउटा कथाको, एउटा नाटकको, एउटा उपन्यासको र एउटा सिङ्गो महाकाव्यको यतिमात्रै होइन, त्यस प्रत्येक शीर्षकभित्र एउटा सिङ्गो कविता, सिङ्गो काव्य, सिङ्गो कथा, सिङ्गो नाटक, सिङ्गो उपन्यास र सिङ्गो महाकाव्य नै खर्लप्पै अटाएको रहेछ, एउटा सानो भूगोलको नक्साभित्र समग्र विश्व ब्रह्माण्ड अटाए जस्तै, एउटा नेपाल शब्दभित्र तीनकरोड नेपालीको समग्र नेपाल अटाए जस्तै- **रूपं रुपं प्रतिरूपो बभूव ।**

यसको यस कोशमा प्रविष्टि पाएका प्रत्येक शब्दमा मैले उसको विराट् देखेँ, विशाल देखेँ- सारथी कृष्णमा अर्जुनले विश्वरूप देखे जस्तै । अनि म कृत कृत्य भएँ, मलाई मेरो प्राप्तव्य पाए जस्तो लाग्यो । मलाई मेरो गन्तव्य टेके जस्तो लाग्यो । अनि फेरि मलाई उहाँ दोहोऱ्याउन मन लाग्छ- **एकः शब्दः सम्यक् ज्ञातः सुष्ठु प्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति ।**

संस्कृत विश्वको जेठो भाषा हो । नेपाली र नेपालीजस्ता अन्य भारतीय आर्यभाषाहरूको त माऊभाषा । नेपालीमा संस्कृतका तत्सम शब्द मनग्गे छन् । यिनलाई त अनुहार देखेरै पनि चिन्न सकिन्छ । यसबाहेक त्यत्तिकै अथवा त्यस भन्दापनि बढी छन् संस्कृतका तद्भव शब्दहरू नेपालीमा ।

हामीले धार्मिक साहित्यिक, सांस्कृतिक तथा भाषिक दृष्टिले पनि संस्कृतको ज्ञात-अज्ञात रूपमा दोहन गरेका छौँ तर अहिले भने कतिपय घरमा आमा बुढी हेला भएझैँ माऊभाषा संस्कृत हेला भएको छ । यो देख्दा मन दुख्छ मुटु चोक्टिन्छ ।

नेपालीमा संस्कृतका तद्भव शब्द के कति होलान् कस्ता होलान् यसको साङ्गो पाङ्गो सँगालो र लेखा जोखा हुन नसके पनि स्थालीपुलाकन्यायले भएपनि यसबारे केही न केही त प्रयास हुनैपर्दछ । संस्कृतमै जन्मे हुर्केको र संस्कृतनै पढे लेखेका मजस्ता व्यक्तिले त यो काम पहिलेनै गर्नु पर्ने थियो । जे होस् अलिक ढिलै भएपनि लाटाको खुट्टो बाटामा पऱ्यो । अनि मैले संस्कृत नेपाली तद्भव शब्दकोश तयार गर्ने सोच बनाएँ । पछि यसमा अङ्ग्रेजी पनि गाँसेर दोभासेबाट तिभासे बनाउने लहड चल्यो ।

उहिले पाटलिपुत्रको शास्त्रार्थमा पराजित पाणिनिले पश्चिम नेपालको हालका पाणिनीय तपोभूमिमा आएर तपस्या गरी आफू भन्दा पहिलेका अर्थात् प्राक्पाणिनीय वैयाकरणका उपयोगी कुराहरूलाई समेटदै महान् व्याकरणग्रन्थ अष्टाध्यायीको रचना गरे । हजारौँ वर्ष बितिसक्दा पनि यससँग पौँठेखेल्न सक्ने अर्को ग्रन्थ अहिलेसम्म छैन । नेपाली भूभागमा रचित हुनाले नेपाली भाषाका मौलिक प्रवृत्तिहरू प्रायः सबै यसमा पाइन्छन् । कपिल, विश्वामित्र याज्ञवल्क्य तथा वाल्मीकिको यस पुण्यभूमिमा कुनै समयमा संस्कृत यहाँको राजभाषा तथा सम्पर्कभाषा थियो । नेपालको लिच्छवि र मल्लकालमा कुँदिएका संस्कृत अभिलेख तथा लोकनाटकहरू यसका पछिल्ला साक्ष्य हुन् । पाणिनिले आफ्ना धातुपाठमा मूलरूपमा उल्लेख गरेका लगभग दुईहजार धातु, उणादिगणीय धातु र सौत्र धातुको अध्ययन गर्ने हो भने वर्तमान नेपाली भाषाका शब्द संस्कृतकै तत्सम तद्भव हुन् भन्ने कुरा घाम लागे जत्तिकै छर्लङ्ग छ ।

त्यति टाढा किन, पाणिनिले भ्वादिगणमा सङ्कलन गरेका धातुमात्रमा पनि अहिले हामीले बोल्दै आएका नेपाली बोलीका सत्तरी प्रतिशत शब्दको मूलभेट्न सक्छौँ । ज्ञातव्य छ पाणिनीय धातुपाठका भ्वादिगणमा मात्रै एकहजार दश धातुहरू छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत र नेपाली बीचको यस्तो नङ्मासुको सम्बन्ध नबुझ्दा वा बुझेर पनि नबुझेझैं गरिदिदाँ आज नेपाली संस्कृतिमा विकृति आए जस्तै नेपाली भाषामा पनि विकृति आएको छ। हाम्रा लेखक र विद्वान्‌हरूले शब्द विर्सेर अर्थका पछिलागदाको यो परिणति हो भन्ने मेरो ठम्याइ हो। त्यसैका निम्ति सानो र एकल प्रयास हो यो **संस्कृत नेपाली अङ्ग्रेजी तद्भव कोश।**

यस कोशको मुख्य उद्देश्य मूल संस्कृतशब्दको तद्भव रूप देखाउनु हो। यस प्रसङ्मा कुनै मूल शब्दको तद्भव रूप ठ्याक्कै चिनिन्छ भने कहीँकहीं वर्णागम, वर्णविपर्यय, वर्णलोप आदिले गर्दा तद्भव खुट्याउन गाह्रो पनि हुन्छ। ठूला ठूला बुझक्कडलाई पनि यसमा एकछिन घोरिनै पर्छ, घोत्लिनै पर्छ। कुनै मूलशब्द तद्भव रूपमा विकसित हुँदा त्यसले कहिले उहि अर्थ दिन्छ भने कुनैले मूल अर्थलाई छाडिसकेको हुन्छ कतै नाम र विशेषणमा पनि उल्टा पाल्टी हुन सक्छ। उदाहरणका लागि- **हिंसा** संस्कृत मूलशब्द हो यसको अर्थ हुन्छ, मार्नु- **प्राणवियोगानुकूलव्यापारो हिंसा।** (कसैलाई प्राण विहीन गराउने कामनै हिंसा हो।) यसको एउटा तद्भव नेपाली रूप हो, **हिङ्सा**। नेपालीमा यसको अर्थहो, निन्दा-चर्चा। संस्कृतमा जस्तो काट्नु मार्नु होइन। यति भएर पनि हिंसाकै तद्भव रूप हो हिङ्सा। अतः तत्सम तद्भवबीचको सम्बन्ध खोज्दा सामान्यतया रूपान्विति र अर्थान्विति अर्थात् रूप सादृश्य र अर्थ सादृश्यलाई सँगै राखेर हेरिनु पर्छ।

श्लील अश्लील भन्ने कुरा शब्दमा हुँदैन, अर्थमा हुन्छ पदमा हुँदैन, पदार्थ वा वस्तुमा हुन्छ। अतः यस कोशमा पनि श्लील तथा अश्लील शब्दको समान मान छ।

कालिदास तथा पाणिनिको समयभन्दा पनि पहिले पर्वतपुत्री राजकुमारी पार्वती र जनकनन्दिनी सीताले बोल्ने गरेको हिमवत् प्राकृतका श्रुति र स्मृति (सुन्ने र सम्झने) का भरमा जोगिदै आएका विकसित एवम् परिवर्तित सुखोच्चारित श्रव्य कथ्य शब्दहरूको संकलन हो यो शब्दकोश।

संस्कृत र नेपालीमा नङ-मासुको सम्बन्ध छ। यसलाई न बुभ्दा र अनावश्यक रूपमा जथाभावी विदेशी शब्दहरू ओइर्‍याउँदा आज नेपाली भाषा विकृत भएको छ। अतः हामीले हाम्रै भाषाका तद्भव शब्दको सकेसम्म संकलन गर्नुपर्दछ र तिनको अधिकाधिक व्यवहार गर्नुपर्दछ भन्ने मेरो ठम्याइ हो। यसैका लागि एउटा सानो प्रयास हो यो तद्भव शब्दकोश।

हाम्रा बाजे बराजु जिजु च्याब्जुले तद्भव शब्दहरूलाई सयौं वर्षदेखि दिनानुदिन प्रयोगमा ल्याइआएका थिए। हाम्रा गाउँ घर तथा मावल ससुरालका आमै बाबै दाजै दिदै फुपै मामा माइजु, साला ससुरा र जेठानहरूले आफ्ना दैनन्दिन व्यहारमा यिनै र यस्तै शब्दहरू आजपनि निरन्तर प्रयोगमा ल्याइरहेका छन् घरभित्र पनि, घरबाहिर पनि, घाँस-दाउरामा पनि, दाइँ-रोपाइँमा पनि देउडा-सँगिनीमा पनि, तीज-भैलीमा पनि र रोदी-रत्यौलीमा पनि।

आधुनिक लेखक विद्वान् तथा सञ्चारकर्मीबाट समेत पर्गेलिएका प्रायः लेख्य र पाठ्यमा नभएकाले श्रव्य र कथ्यमात्र भएर जिब्रा र कानका भरमा जेन-तेन जीवित रहेका, गाँउ-घर वन-जङ्गल भिर-पखेरा गुफा-कन्दराका अँध्यारामा हुर्केका, श्रुतिझैँ श्रव्य र वेदझैँ बोद्धव्य पवित्र संस्कृतजन्य यी हिमवद्देशीय प्राकृत नेपाली शब्दहरूको जोहो-जगेर्नु गर्दै धेरै समयदेखि आमासँग बिछोड भएका अनाथ छोराछोरीलाईजस्तै तद्भव शब्दहरूलाई आफ्नी आमा संस्कृतसँग भेटगराइ दिएर तिनीबाट जस, आसिक पाउने इच्छा नगरीकनै म यो कोश निर्माणतिर प्रवृत्त भएँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृति र निर्मितिका विभिन्न विधाहरू मध्ये कोशनिर्माण गर्नु साह्रैनै जटिलविधा हो। उहिले चेकोस्लोवाकियाका एकजना जुष्टा (zgusta) नामक कोश वैज्ञानिकले भनेका थिए- कसैलाई मृत्युदण्ड दिनु छ भने उसलाई कोश बनाउन दिनु। मृत्युदण्डको कष्ट त उसलाई एकै छिनमात्रै हुन्छ तर कोश बनाउँदाको कष्ट उसलाई बाचुन्जेल भैरहन्छ। विश्वप्रसिद्ध कोशकार अमरसिंह र उनका अमरकृति अमरकोशका शब्दहरूलाई पनि ठेउलाउन खोज्ने रौंचिरे समीक्षक भएको कुरा मैले पढेको छु।

निरन्तर र निरवच्छिन्न बढिरहने जनसंख्या जस्तै हो शब्दसंख्या पनि। यो कहिल्यै पनि पुरा हुने विषय होइन। कोश भनेपछि त सम्बद्ध वाङ्मयका कुनै पनि शब्द यसमा छुट्नु हुँदैन। तर आजसम्म यस्तो भएको पाइँदैन। त्यसो भनेर लेख्नपनि छोड्नु हुदैंन शब्दकोश, टिप्न पनि छोड्नु हुदैन जनसंख्या। बृहस्पतिजस्ता विद्वान् वक्ताले भन्दा र इन्द्रजस्ता प्रबुद्ध श्रोताले हजारौँ वर्षसम्म सुन्दापनि नसकिने यस महान् शब्दराशिलाई मजस्ताले यसरी कागतमा टिपेर के पार पाउँला ! यहाँ पनि प्रविष्ट मूल संस्कृत शब्दसँगै अनुप्रविष्ट तद्भवशब्दहरू यसमा उल्लेख गरेजत्तिमात्र होइनन्, अरूपनि छन्, असंख्य छन्। यहाँ त तिनको केवल दिक्प्रदर्शन गरिएको छ, मात्र गोरेटो देखाइ। त्यसै भएर त यो कोश वजनमा मुरी हैन, मानामात्रै भएको छ। प्रविष्टिमा सबै हैन, बानामात्रै भएको छ। बाँकी अरू शब्दहरू त अमरसिंहले भनेजस्तै लोक वा शिष्ट प्रयोगबाटै जान्नु-बुझ्नुपर्ने हुन्छ -**शेषं तु ज्ञेयं शिष्टप्रयोगतः**।

यस कोशको न्वारान मैले तद्भव शब्दकोशको नाम दिएर गरैं- **संस्कृत-नेपाली-अङ्ग्रेजी तद्भव शब्दकोश**। तद्भवता यसमा संस्कृत नेपालीबीच खोजिएको छ। अङ्ग्रेजीसँग होइन। अङ्ग्रेजी सामान्य अर्थ बताउनका लागि मात्र हो। त्यसमा पनि सहजता वा तद्भवता कतैकतै त भेटिन सक्छ।

के हो त तद्भव ? यो एउटा संस्कृत शब्द हो। **तत् = संस्कृतम्, तस्मात् भवः = जातः विकसितो वा तद्भवः**। यो यसको व्युत्पत्ति हो। यस व्युत्पत्ति अनुसार तद्भव शब्दले संस्कृतजन्य नेपाली शब्द भन्ने बुझिन्छ। तद्भव शब्दकै पर्यायका रूपमा प्राकृत, पाली, अपभ्रंश, अपशब्द र असाधु जस्ता शब्द पनि आएका छन्। यी मध्ये प्राकृत शब्दको व्युत्पत्ति यस्तो छ- **प्रकृतिः = संस्कृतम् तत आगतम् प्राकृतम्**। यस व्युत्पत्तिद्वारा प्रकृत अर्थात् मूल शब्द संस्कृत हो र त्यसबाट बनेको शब्द प्राकृत हो भन्ने कुरा गतार्थ हुन्छ। पाली शब्दको विकास पनि संस्कृतको पर्याय शब्दबाट बनेको छ। जस्तै- **पर्याय > परियाय > पलियाय > पाली**। यस शब्दको विकासक्रमअनुसार पाली संस्कृतकै पर्याय शब्द हो।

यसैगरी तद्भव शब्दको समानार्थक शब्द अपभ्रंश पनि हो। **अपभ्रंशनम् = स्खलनम् इति अपभ्रंशः**। जब प्रकृत मूल शब्दको उच्चारण शारीरिक अशक्ति वा बौद्धिक अक्षमताद्वारा स्खलित हुन्छ, त्यो अपभ्रंश हुन्छ। अमरसिंह आफ्नो कोशमा यसलाई अपशब्द पनि भन्छन्- **अपभ्रंशोऽपशब्दःस्यात्**। यी दुबै शब्दहरू सुन्दा अलि नराम्रा लाग्ने छन् तर कुरा ठिकै पनि हो। पूर्वाचार्यहरूले अपभ्रंश शब्द मात्र लोकव्यवहारका लागि हो तर शास्त्रीय विधि विधानमा प्रयोग गर्दा भने दैवीवाक्मा जस्तो पुण्यजनकता अपभ्रंशमा हुँदैन- **समानायामर्थावगतौ शब्दैश्चापशब्दैश्च शास्त्रेण धर्मनियमः**- महाभाष्य।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसो हुनाले सनातनधर्मीहरू आफ्ना धार्मिक कृत्यहरू देवभाषा संस्कृतबाट नै सम्पन्न गर्दछन् । भर्तृहरिले पनि भनेका छन्- **वाचकत्वाऽविशेषेऽपि नियमः पुण्यपापयोः** । वा.प. ३।३।३० । आगम सिद्ध र मानित व्याकरणबाट संस्कृत शब्द नै **साधु शब्द** हुन्छन् । त्यस्ता व्याकरणबाट संस्कृत नभएका शब्दहरू **असाधु शब्द** हुन्छन् भन्ने मान्यता अनुसार तद्भव शब्द असाधु हुन् । यी शब्दहरू शास्त्रीय व्याकरणका कठोर नियमका साङ्लामा बाधिँन्नन् । त्यसै हुनाले तद्भव शब्दहरू सुखोचारित हुन्छन् । संस्कृतलाई साधु र तद्भवलाई असाधु भन्नुमा पनि तिनको पुण्य र पापजनकता नै प्रमुख कारण हो । भर्तृहरि फेरि भन्छन् :

शिष्टेभ्य आगमात् सिद्धाः साधवो धर्मसाधनम् ।
अर्थप्रत्ययनाभेदे विपरीतास्त्वसाधवः ॥ वा.प. ब्र. २७

तद्भव वा प्राकृत शब्दको उत्पत्ति र विकासबारे पनि भाषा पण्डितहरूमा मतमतान्तर पाइन्छ । पाश्चात्य र तिनमा सहमत पौरस्त्य भाषा पण्डितहरूले समेत तद्भवको यस्तो विकासक्रम मानेका छन् । जस्तैः वैदिक संस्कृत, लौकिक, संस्कृत, प्रथम प्राकृत पाली, द्वितीय प्राकृत शौरसेनी, तृतीय प्राकृत अपभ्रंश नेपाली आदि । यिनीहरू तेस्रो प्राकृत अपभ्रंशको समय छैटौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्म मान्दछन् । यस अनुसार नेपाली भाषाको उत्पत्ति सबैभन्दा पछि भएको यिनको मान्यता छ ।

वस्तुतः तद्भव शब्दहरू मूलका समानान्तर हुन्छन् । यिनको उत्पत्ति वेदसँगै भएको छ। पहिलो वेद ऋग्वेद हो । ऋग्वेदबाट स्वरवर्णमा हुने उदात्त, अनुदात्त र स्वरित वर्णको फरक उच्चारणका आधारमा समानान्तर यजुर्वेदको विभाग व्यासले गरे । त्यसै हुनाले यजुर्वेदको माध्यन्दिन, वाजसनेय शाखामा य को ज र ष को ख उच्चारण हुन्छ । अतः यजुर्वेद र सामवेद ऋग्वेद पछिका नभएर ऋग्वेद समानान्तर नै हुन् । एउटै ॐ कार स्वरभेदले तीन किसिमका हुन्छन् - **प्रणव** एव एक **स्त्रेधा व्यभज्यत । गिरीशः गिरिश त्र्यम्बकम् त्रियम्बकम्, करभः कलभः कलशः कलसः** जस्ता वैकल्पिक शब्दहरू पनि यसैगरी विकसित भएका हुन् । अर्थमा समान भएपनि रूपमा फरक भएका शब्द र तिनका उच्चारणहरूका नियम निर्धारणका लागि नै विभिन्न शिक्षाग्रन्थको प्रार्दुभाव भएको छ ।

यसरी हेर्दा यजुर्वेदमा हाम्रो नेपाली भाषाको मूल रूप पाइन्छ । मूल नियम पाइन्छन् । विन्ध्यबाट पश्चिमोत्तर अर्थात् उदीच्यतिर बस्ने हामी नेपालीका भाषाका मूल प्रवृत्तिहरू यजुर्वेदसँग धेरै मिल्न आउँछन् । त्यसै हुनाले यजुर्वेद औदीच्य वेद पनि हो । यसका ऋषि कौशिक विश्वामित्र र माण्डव्य आदि पनि औदीच्य हुन् । पाणिनि पनि औदीच्य हुन् र यिनको अष्टाध्यायी पनि विशेषतः औदीच्य संस्कृतको आधारमा निर्मित छ । यस कुरामा भारतेली र युरोपेली पनि सहमत छन् ।

तद्भव, प्राकृत तथा अपभ्रंश भाषाको जन्म वा विकास हुँदा माउ माकुराले सन्तान जन्माउँदा उसको आफ्नो अस्तित्व नै समाप्त भएजस्तै यिनका माउ भाषामा केही बिगार वा नास हुँदैन । बरु माउ र तद्भव दुवैको समानान्तर विकास हुन्छ ।

हिमवद्देशीय प्राकृतको जहाँसम्म प्रश्न छ, यसको बीज शुक्ल यजुर्वेदमा पाइने तथ्यको उल्लेख माथि भयो । हिमवद्देशको समथर भागमा आश्रम बनाएर बस्ने विश्व वाङ्मयका आदिकवि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाल्मीकिले संस्कृत र तद्भवलाई क्रमशः संस्कृतवाक् र मानुषीवाक्को नाम दिएका छन्। वाल्मीकि रामायणबाट यो कुरा थाहा हुन्छ। त्यसमा हनुमानजीले सीतासँग कुरा गर्दा उहाँकै घर-माइतमा बोलिने मानुषीवाक् अर्थात् प्राकृतमा कुरा गर्नुहुन्छ :

यदि वाचं प्रदास्यामि द्विजातिरिह संस्कृताम्।
रावणं मन्यमाना मां सीता भीता भविष्यति ॥
अवश्यमेव वक्तव्यम् मानुषं वाक्यमर्थवत्।
मया शान्त्वयितुं शक्या नान्यथेयमानिन्दिता ॥ वा.रा.सु. ३०।१८-१९

हिमवद्देशीय महाकवि कालिदासले पनि राजकुमारी पार्वतीको विवाहमा दम्पतीको अभिनन्दन गर्न आएकी सरस्वतीले शिवजीलाई संस्कारपूत संस्कृतमा र पार्वतीलाई सुखग्राह्य निबन्धन अर्थात् तद्भवद्वारा स्तुति गरिन् भन्ने कुरा आफ्नु कुमार सम्भव महाकाव्यमा उल्लेख गरेका छन्। जस्तै-

द्विधा प्रयुक्तेन च वाङ्मयेन
सरस्वती तन्मिथुनं नुनाव।
संस्कारपूतेन वरं वरेण्यं
वधूं सुखग्राह्य-निबन्धनेन। कुमा. ७२०

कालिदासको रघुवंशमा मनोरम पर्वत प्रदेशमा गाई चराउने दिलीप राजासँग बाघले मनुष्यवाक् अर्थात् हिमवद्देशीय प्राकृतमा कुरा गरेको तथ्य टड्कारै छ। उपर्युक्त विवरणका आधारमा पनि तद्भवलाई मनुष्यवाक् र सुख ग्राह्य जस्ता शब्दले व्यवहार गरेको पाइन्छ : **मनुष्यवाचा मनुवंशकेतुम्।** रघु. २।

जहाँसम्म तद्भव व्याकरणका रचनाको प्रसङ्ग छ- यसको व्याकरण पनि सर्वप्रथम नेपाल भूमिमा रामायणकालमै रचना गरिएको हो। यसका रचयिता हुन्- आदिकवि वाल्मीकि। यिनले संस्कृतसँगै स्थानीय प्राकृतमा पनि रामायणको रचना गरेका थिए। यतिमात्र होइन, महर्षि वाल्मीकिले छुट्टै प्राकृत भाषाको व्याकरण पनि रचना गरेको कुरा थाहा पाइन्छ :

यथैव रामचरितं संस्कृतं तेन निर्मितम्।
तथैव प्राकृतेनापि निर्मितं हि सतां मुदे ॥
तथैव प्राकृतादीनां षड्भाषाणां महामुनिः।
आदिकाव्यकृदाचार्यो व्याकर्ता लोकविश्रुतः ॥

यी श्लोक मैले उहिले काशीको नागरी प्रचारिणी पत्रिकाबाट उधृत गरेको हुँ। बटुकनाथ शर्मा एम.ए. र बलदेव उपाध्यायको प्राकृत भाषा सम्बन्धी लेखमा यो कुरा उल्लिखित छ। यसैगरी शम्भु रहस्य भन्ने पुस्तकमा भगवान् वाल्मीकिद्वारा रचना गरिएको व्याकरणका आधारमा चल्ने प्राकृत भाषालाई कसले निन्दा गर्ला ! जसरी पाणिनि आदि ऋषिद्वारा व्याकृत हुनाले संस्कृत भाषा उत्तम मानिन्छ, त्यसैगरी वाल्मीकि (प्राचेतस) द्वारा व्याकृत हुनाले प्राकृत भाषा पनि त्यस्तै उत्तम छ भन्ने भावको निम्नलिखित पद्य उहाँ उद्धृत गरिएछ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को विनिन्देदिमां भाषां भारती मुग्ध-भाषिताम् ।
यस्याः प्रचेतसः पुत्रो व्याकर्ता भगवानृषिः ॥
पाणिन्याद्यैः शिक्षितत्वात् संस्कृती स्याद् यथोत्तमा ।
प्राचेतस-व्याकृतत्वात् प्राकृत्यपि तथोत्तमा ॥

आदिकवि वाल्मीकि रामायण कालका हुन् । यिनी पाणिनि भन्दा धेरै पहिलेका हुन् । वाल्मीकिको प्राकृत व्याकरण सूत्र शैलीमा छ र अध्याय एवम् पाउमा विभक्त छ । त्यसरी नै पाणिनिको संस्कृत व्याकरण पनि सूत्रशैलीमा एवम् अध्यायमा र पाउमा विभक्त छ । वाल्मीकिका एउटा अध्यायको पुष्पिका वाक्य यस्तो रहेको छ- **श्रीवाल्मीकियेषु सूत्रेषु द्वितीयाध्यायस्य पादश्चतुर्थः** । स्मरणीय छ, पाणिनिका भाइ आचार्य पिङ्गलले पनि आफ्नो छन्दो ग्रन्थलाई दाजुले जस्तै सूत्रमा लेखेका छन् र अध्याय तथा पाउमा विभक्त गरेका छन् ।

मूल वा माऊ शब्द एउटा हुन्छ तर त्यसबाट विकसित अपभ्रंश अर्थात् तद्भव शब्दहरू अनेक हुन्छन् । एउटै गोशब्दबाट **गावी, गोणी, गोता, गोपोतलिका**जस्ता अपभ्रंश शब्दहरूको विकास भएको उल्लेख गर्छन् पतञ्जलि आफना व्याकरण महाभाष्यमा ।

तद्भवशब्दका बीज शास्त्रीय शब्द भएपनि यिनी व्याकरणिक कठोर लौहशृंखला तोडेर कोमल र सरस लोकजिब्रामा बडो मायालु पाराले विभिन्न हाँगा-बिँगाहाल्दै हुर्के-फुर्केका हुन्छन् । त्यसै भएरनै यिनका विभिन्नरूप र छवि हुन्छन् । कहिलेकाहीँ त यिनका मूल पैल्याउन पनि गाह्रो । हेरौ न माथि पतञ्जलिले दिएका गोशब्दका तद्भव उदाहरणहरू । तिनमा उल्लिखित तद्भव **गोपोतलिका** शब्द हेरेर सामान्यजनलाई त्यसको मूल गोशब्द हो भन्ने खुटचाउन धेरै परिश्रम पर्दछ । सानैमा आफ्नो दुधे ओँठ लिएर बिदेसिएको र बीस-पच्चीस वर्ष त्यहाँ बस्दा जुगँ-मुठे र झ्यापुल्ले भई त्यहाँ केही लोली-बोलीमा समेत परिवर्तन गरी घरफर्केको व्यक्तिलाई यो फलानाकै छोरो हो भनेर ठम्याउन गाउँलेलाई संशय भएजस्तै ।

तद्भवशब्द चिन्ने र संकलन गर्ने मेरो आधार खासगरी पाणिनीय व्याकरणको सन्धिप्रकरण, समासाश्रय विधि प्रकरण, **पृषोदरादीनि यथोपदिष्टम्** सूत्र अन्तर्गत यथोपदिष्ट शब्दका उदाहरण र तिनका सिद्धिप्रक्रिया, **उणादयो बहुलम्** तथा **व्यत्ययो बहुलम्** जस्ता सूत्रमा आएका बहुल शब्दका व्याख्याहरू र भागुरिका मतमा आद्यक्षरलोप, अनि पातञ्जल महाभाष्य, निरुक्तका नियम, लघुमञ्जूषा तथा वाक्यपदीयम्का अपभ्रंश सम्बन्धी केही प्रसङ्गहरू हुन् । यस शब्दकोशको निर्माणमा मैले यिनैलाई रफत र यिनैको खफत गरेको छु । मेरा विचारमा अन्य सबै नियमहरू यसैका उच्छिष्ट हुन् ।

यो कोश यस दिशामा मेरो पहिलो ओथारो (अवतरण) हो । भविष्यमा राष्ट्रभाषाप्रेमी छात्र-छात्रा, शिक्षक-अनुसन्धाता तथा अरू खोजिमेलेहरूले पनि यसलाई रुचाए-मनपराएको खण्डमा अझै फुर्केर अर्को ओथारोमा यसको कलेवर सजाउने बाचा गर्छु ।

आफ्नो अमूल्य समय खर्चेर यसमा मन्तव्य लेखिदिने प्रा. डा.जयराज आचार्य, प्रा.डा.डी.पी. भण्डारी, प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. माधव प्रसाद पोखरेल तथा थालनीदेखि नै मलाई थप हौसला दिने अभिन्न मित्र प्रा.डा. वेणीमाधव ढकालजी पनि पनि हार्दिक कृतज्ञता जाहेर गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दत्तात्रेयका छब्बीस गुरुभनेजस्तै यस कोशनिर्माणका क्रममा पनि यस आत्रेयका थुप्रै सहयोगी छन्। तीमध्ये खेस्रामै पनि केस्रा केलाइ दिएर सगायो पुऱ्याउने तथा हौस्याउने रौस्याउने प्रा.डा.विष्णुप्रसाद देवकोटा, डा.जगमान गुरुङ, स प्रा. सीताराम अधिकारी, उ.प्रा. यादव भट्टराई, उ.प्रा हरिप्रसाद पाण्डेय, कृष्णप्रसाद पौडेलजीलाई हार्दिक धन्यवाद बिन्ति बिसाउँछु।

घरायसी बाधा-व्यवहारबाट पूर्ण मुक्त गराई दत्तचित्तभै काममा लाग्न मलाई अनवरत सहयोग पुऱ्याउने मेरी भार्या सौभाग्यवती आर्या आत्रेय, इञ्जिनियर छोरा अलङ्कार आत्रेय र भतिजा सुरेश खनाललाई पनि आशीर्वाद।

विद्यार्थी पुस्तक भण्डारका प्रोप्राइटर श्री शान्त गौतमजीले त यसलाई प्रकाशननै गरिदिनु भयो। उहाँको गुनको नून त तिरिनसक्नै छ। अबभने बाँकी-टाँकी कुरा पछिलाई थाती राख्दै श्रीमल्लिनाथ सूरिको अमरकोशको टीका अमरपदपारिजातबाट तलको सिलोक उधारो लिएर आफ्नो उठानको यहीं बैठान गर्दै बिट मार्छु -

वक्ता वाचस्पतिर्यत्र श्रोता शक्रस्तथापि तौ।
शब्दपारायणस्यान्तं न गतौ तत्र के वयम्॥

विष्णुराज आत्रेय
नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ, काठमाडौँ

१०४ अरनिकोमार्ग,
बत्तीसपुतली,काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्केतसूची

संक्षेप

अ. = अव्यय
क्रि. = क्रियापद
क्रि.वि. = क्रिया विशेषण
ना. = नाम
ना.यो. = नामयोगी
प्र. = प्रत्यय
वि. = विशेषण
वि.बो. = विशेषण बोधक
सर्व. = सर्वनाम

वर्णक्रम

अं	अ	आ	इ	ई
उ	ऊ	ऋ	ॠ	ए
ऐ	ओ	औ		

क	क्ष	ख	ग
घ	ङ	च	छ
ज	ज्ञ	झ	ञ
ट	ठ	ड	ढ
ण	त	त्र	थ
द	ध	न	प
फ	ब	भ	म
य	र	ल	व
श	ष	स	ह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

ना. ओम्, ओं, ओ३म् omni, holy monosyllable, God; omniscience; omnipotent, omnipotent; symbol of the absolute

अ

अंकुर: *ना.* अँकुरो, अँकरो, अँकुरा, आँकुरा, आँकुरो sprout; shoot

अंकुश: *ना.* अंकुसे, आँकुसे, आँकुसो hook, a finger's breadth, three fourth of an inch

अंगुलम्१ *ना.* अमल, अँवल, अम्ला finger

अंगुलम्२ *ना.* औँलो, औँला, अउँला अम्ला finger

अंगुली *ना.* औँली, अम्ली, अउँली finger

अंगुष्ठ: *ना.* औँठो, औँठा, अम्ठो thumb, the great toe (of the feet)

अंगुष्ठी *ना.* अउँठी, औँठी ring

अंगुष्ठीयम् *ना.* औँठी ring

अंश: *ना.* अंस, अङ्स, अम्स item, share, gradient, numerator, piece, portion, degree, element, fraction, section, division

अंशकीट: *ना.* औँस्याहा, औँसा, औँसो maggot, larva

अंशबण्ट: *ना.* अंसबण्डा अम्सबण्डा अङ्सबण्डा partition, dividing

अंशहर: *ना.* अंशियार, अंसियार, अङ्सियार, अम्सियार shareholder

अंशहार: *ना.* अंसियार, अङ्सियार, अम्सियार shareholder

अकस्मात् *क्रि.वि.* एकासी, एक्कासी unexpectedly, suddenly

अकार्यार्थम् *ना.* अकारथ, अकार्थ vain, useless

अकाल: *ना.* अनिकाल famine

अकूट: *ना.* अकूत more

अक्ष: *ना.* आँख्लो, आँख्ला, आँखा joint

अक्षतम् *ना.* आखत, अच्छ्यता, अच्छेता, अछेता unbroken grains of rice used in religious ceremonies

अक्षरम् *ना.* अच्छ्यर, अच्छेर, अच्छर, आखर, letter

अक्षवाट: *ना.* अखाडा, अखडा a place for exercise or wrestling, a gymnasium, a list, a stadium, arena

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अक्षान्तः *वि.* अखानू, अखानो troubled

अक्षि *ना.* आँखी, आँखो, आँखा eye

अक्षिजालकः *ना.* आँखीझ्याल latticed window

अक्षिभ्रूः *ना.* आँखिभौ, आँखिभौँ, आँखिभुई eyebrow(s), the space between the eyebrows

अक्षुत्तः *ना.* अछूत discriminated, unclean, untouchables

अक्षोटः *ना.* ओखर juglans regia, walnut

अगणिति *वि.* अनगिन्ती, अनगन्ती countless, innumerable

अगतिलः *वि.* अगतिलो, अग्तिलो, अकतिलो, अगतिला, अग्तिला, अक्तिला bad, not good, spoiled

अगरुकः *ना.* अग्राख, अग्राँठ shorea robusta, sal tree

अगरुवर्त्ती *ना.* अगरबत्ती incense stick

अग्निः *ना.* आगो fire

अग्निधानी *ना.* अगेनू, अघेनू, अगेनो, अघेनो an oven, a fireplace, a hearth

अग्निशमनी *ना.* सिस्नु सिस्नो nettle, a stinging nettle, a stinging plant

अग्निष्ठिका *ना.* अगीठीँ, अगिँठो, ऐँठो stove, furnace, forge

अग्रः१ *क्रि.वि.* अँघि to lead, to go before

अग्रः२ *वि.* आगिल अग्लो, अगिल्लो beyond, forward; previous, foregoing, preceding

अग्रगूः *ना.* अगुवा a guide, one going before, a leader, a conductor

अग्रवर्त्तनम् *क्रि.* ओगटनु to reserve, to detain, to restrain, to occupy.

अग्रवर्त्ती *वि.* अगौडी, अगौडे, अगौडा earlier, first, foremost

अग्रसरः *वि.* अगिसरा, अघिँसरा a forerunner, a leader

अग्रे *क्रि.वि.* अगाडि, आगे before, in front of, forwards

अग्रेतरः *वि.* अघिल्लो next

अग्रिमः *क्रि.वि.* आघुँ, आघौँ, आगुँ, आगौँ next year; coming year

अग्र्यः *वि.* अघौरी earlier, first, foremost

अग्रेसरः *वि.* अगिसरा, अघिसरा forerunner, a leader

अघोरः *वि.* अघोर, अग्घोर, अघ्घोर terrible, great, formidable

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अघोरी *ना.* अग्घोरी, अघोरी अघोडी, औगड, औघड unclean, filthy, a glutton, a voracious eater, a sect of yogis eating anything indiscriminately

अङ्कुरणम् *क्रि.* अँकुराउनु, उमार्नु to germinate, to sprout

अङ्गप्रोञ्छकम् *ना.* गमछा, गम्छा, गमछो, गम्छो a towel

अङ्गमाल: *ना.* अँगालो, अङ्गालो an embrace, embracing; hug

अङ्गम्१ *ना.* आँङ् body; organ

अङ्गम्२ *ना.* आङ् uterus, womb

अङ्गार: *ना.* अँगार coal

अङ्गारधानी *ना.* अँगारदानी pot to put cinder or carbon

अङ्गारशकटि: *ना.* अँगीठी, ऐंठो furnace

अचेष्ट: *वि.* अचेत unconscious

अच्छ: *वि.* अच्छा, आच्छा good, fine, well

अच्छन्द: *वि.* अच्छन्दिलो, अछेन्दिलो, अछन्जिलो, असन्जिलो having no rhyme or metre, unrhythmical, unmetrical

अच्छल: *वि.* अस्सल, असल good

अजगर:१ *ना.* अजिङ्गर a dragon, a python, a boca-constrictor

अजगर:२ *वि.* अजिङ्गरे huge, lazy

अजङ्ग: *ना.* अजङ् huge, very great; colossal

अजरामर: *ना.* अजम्बर, अजम्मर, अजम्बरी, अजम्मरी immortality, immortal

अजीर्ण: *ना.* अजीर्न indigestion

अजीव: *ना.* अजिय an inanimate body

अज्ञात: *ना.* उनाउ unknown

अज्ञानम् *ना.* अग्यान ignorance, stupidity, insensibility

अज्ञानी *ना.* अजान, अनजान ignoramus, foolish

अञ्चनम् *ना.* अचानो, अचानू a block of wood used for cutting, esp.meat, anvil

अञ्चलम् *ना.* आँचल hem or border of a cloak, shawl or sheet, wrapper

अञ्जनम् *ना.* आँजन (गाजल) collyrium

अञ्जलि: *ना.* अँजुली, अँजुलो, अँजुल folding of the two hand together, double handful

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अक्षान्त: *वि.* अखानू, अखानो troubled

अक्षि *ना.* आँखी, आँखो, आँखा eye

अक्षिजालक: *ना.* आँखीझ्याल latticed window

अक्षिभ्रू: *ना.* आँखिभौ, आँखिभौँ, आँखिभुई eyebrow(s), the space between the eyebrows

अक्षुप्त: *ना.* अछूत discriminated, unclean, untouchables

अक्षोट: *ना.* ओखर juglans regia, walnut

अगणिति *वि.* अनगिन्ती, अनगन्ती countless, innumerable

अगतिल: *वि.* अगतिलो, अग्तिलो, अकतिलो, अगतिला, अग्तिला, अक्तिला bad, not good, spoiled

अगरुक: *ना.* अग्राख, अग्राँठ shorea robusta, sal tree

अगरुवर्त्ती *ना.* अगरबत्ती incense stick

अग्नि: *ना.* आगो fire

अग्निधानी *ना.* अगेनू, अघेनू, अगेनो, अघेनो an oven, a fireplace, a hearth

अग्निशमनी *ना.* सिस्नु सिस्नो nettle, a stinging nettle, a stinging plant

अग्निष्ठिका *ना.* अगीठीँ, अगिँठो, ऐँठो stove, furnace, forge

अग्र:१ *क्रि.वि.* अँघि to lead, to go before

अग्र:२ *वि.* आगिल अग्लो, अगिल्लो beyond, forward; previous, foregoing, preceding

अग्रगू: *ना.* अगुवा a guide, one going before, a leader, a conductor

अग्रवर्त्तनम् *क्रि.* ओगटनु to reserve, to detain, to restrain, to occupy.

अग्रवर्त्ती *वि.* अगौडी, अगौडे, अगौडा earlier, first, foremost

अग्रसर: *वि.* अगिसरा, अघिँसरा a forerunner, a leader

अग्रे *क्रि.वि.* अगाडि, आगे before, in front of, forwards

अग्रेतर: *वि.* अघिल्लो next

अग्रिम: *क्रि.वि.* आघुँ, आघौँ, आगुँ, आगौँ next year; coming year

अग्र्य: *वि.* अघौरी earlier, first, foremost

अग्रेसर: *वि.* अगिसरा, अघिसरा forerunner, a leader

अघोर: *वि.* अघोर, अग्घोर, अघ्घोर terrible, great, formidable

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

अघोरी *ना.* अग्घोरी, अघोरी अघोडी, औगड, औघड unclean, filthy, a glutton, a voracious eater, a sect of yogis eating anything indiscriminately

अङ्कुरणम् *क्रि.* अँकुराउनु, उमार्नु to germinate, to sprout

अङ्गप्रोञ्छकम् *ना.* गमछा, गम्छा, गमछो, गम्छो a towel

अङ्गमाल: *ना.* अँगालो, अङ्गालो an embrace, embracing; hug

अङ्गम्१ *ना.* आँङ् body; organ

अङ्गम्२ *ना.* आङ् uterus, womb

अङ्गार: *ना.* अँगार coal

अङ्गारधानी *ना.* अँगारदानी pot to put cinder or carbon

अङ्गारशकटि: *ना.* अँगीठी, ऐँठो furnace

अचेष्ट: *वि.* अचेत unconscious

अच्छ: *वि.* अच्छा, आच्छा good, fine, well

अच्छन्द: *वि.* अच्छन्दिलो, अछन्दिलो, अछन्जिलो, असन्जिलो having no rhyme or metre, unrhythmical, unmetrical

अच्छल: *वि.* अस्सल, असल good

अजगर:१ *ना.* अजिङ्गर a dragon, a python, a boca-constrictor

अजगर:२ *वि.* अजिङ्गरे huge, lazy

छायाश्रयः *ना.* छाहार, छाहारी shade

छायास्थलम् *ना.* छ्याँहाल, छाहाँल, स्याँहाल, स्याँल shade, shadow

छिक्का *ना.* छीँक (छ्यूँ) sneeze

छिद्रः *ना.* छेद, छिद्रो, छित्रो, छिन्रो, छिचरो, छेचरो, छिचरी *वि.* boring, drilling, defected

छिद्रकरः *ना.* झिर iron stick, grill

छिद्रम्१ *ना.* छेद perforation, hole, pit, aperture, opening

छिद्रम्२ *ना.* छेडो, छेड an alley, a narrow street

छिन्नकम् *ना.* छेना cheese, curd

छिन्न-निष्पन्नम् *ना.* छिनोफानो decision

छिन्नभिन्नम् *ना.* छ्यानभ्यान broken up, dispersed

छिन्नविच्छिन्नम् *ना.* छ्यान विच्छ्यान discernment, sagacity

छुच्छुन्दरः *ना.* छुछुन्द्रो, छुचुन्द्रो mole, musk-rat

छुच्छुन्दरी *ना.* छछुन्द्री, छुचुन्द्री mole like

छुप्तः *ना.* छूत infection, contamination, contagion

छुप्तछुप्तम् *ना.* छुवाछूत the act of touching the untouchable, untouchability

छेकः *ना.* छेको obstacle, obstruction, hindrance

छेदः *ना.* छेडो an alley, a narrow street

छेदनकः *ना.* छिनो, छिनु chisel

छेदनम् *क्रि.* छेड्नु to bore, to perforate, to pierce

ज

जगज्जालम् *ना.* जञ्जाल perplexity, trouble

जगत्१ *ना.* जग्गा land, field

जगत्२ *ना.* जगात, जकात custom, tax

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

जगत्श्रेष्ठ: *ना.* जगरसेठ, जग्गरसेठ wealthier
जङ्ग:१ *ना.* जङ् furious, military
जङ्ग:२ *वि.* जङ्गी furious, military
जङ्गलम् *ना.* जङ्गल, जङ्ङ्ल jungle, forest
जङ्घा *ना.* जाँघ thigh, hip, haunch, shank
जङ्घार: *ना.* जँघार, जाँगो, जाँघो crossing, portage, shallow place in a stream
जङ्घाल: *ना.* जँघेलो knickers, underwear, trousers
जटा *ना.* जगल्टा most-hair, clotted-hair
जटिल: *वि.* लट्टे matted hair
जड:१ *ना.* जरो root
जड:२ *ना.* जिलो capital
जन: *ना.* जना, जाना person
जनजालम् *ना.* जन्जाल ostentation
जनिजालम् *ना.* जञ्जाल worldly trouble
जन्मपत्री *ना.* जन्मौती horoscope
जन्ययात्री *ना.* जन्ती followers of a marriage procession
जन्या *ना.* जनना, जनाना female
जप: *ना.* जाप pray, the silent repetition of a Mantra
जम्बीरम् *ना.* ज्यामिर a kind of lemon
जय देव *ना.* जदो, जदौ a salutation
जरठ:१ *वि.* जर्रो hard, insolent
जरठ:२ *वि.* जरखरे, जर्खरे, जर्खरो disobedient
जरठ:३ *वि.* जरठ्ठ, अरठ्ठ hard
जरठक: *वि.* झड्केको declined
जरायुज: *ना.* जारायो a rein deer, stag
जर्जरितम् *वि.* झुत्रो ragged
जर्जरीकम् *वि.* जर्जर insolent, hard
जलतडागम् *ना.* जल ताल, जलाताल, जालाताल full of water
जलत्रास: *वि.* जलतरासी horror, hydrophobiia
जलमय: *ना.* जलाम्य, जलाम्ये, जलाम्मे watery, a gueous
जलम् *ना.* जल water
जलयूक: *ना.* जूका, जूको leech, maw-worm
जलहंस: *ना.* जलेवा water swan
जलहरि: *ना.* जलहरी, जलारी netter

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलौकः ना. जलुका, जलुकी, जलुके, जलुको a flat leaf of water arumealocasia

जल्पकः वि. गफ्फड talkative, garrulous

जल्पाकः१ ना. गफाष्टक garrulous

जल्पाकः२ वि. गफाड, गफडी गफ्फाड, गफाडे, गफ्फाडे, गफाडी garrulous, talkative, gabbler

जल्पाकः३ वि. लाफ्रे, लाब्रे, लाभ्रे, लाब्रो, लाभ्रो interfering

जागरः ना. जाँगर energy, activity, strength

जागरणम्१ ना. जागरान, जागराम, जाग्राम vigil; waking the whole night

जागरणम्२ क्रि. जाग्नु to be awake, to be excited, to regain

जागरूकः१ ना. जाँगरिलो, जाँगरी, जाङरिलो, जाङर energetic, active, lisome

जागरूकः२ वि. जाँगरी, जाँगरे energetic, active, lisome

जागृतिः ना. जागिर्त awakening; alertness

जाग्रतः ना. जागा wakeful, circumspect, cautious

जाङ्घम्ः ना. जाँगे, जाँघे half pant

जाङ्घिकम् वि. जाङिया, जाँघिया knickers

जाङ्घ्यम् ना. जाँघे, जाँगे half pant

जाज्वल्यम् वि. जाजुल्य, जाजुल्ये shining, lustrous

जाज्वल्यमानः क्रि.वि. झलामली, जाजुल्लेमान brightly

जाज्वल्यम् क्रि.वि. झलमल्ल brightly

जाड्यकरः ना. जाँड, जाँर grain liquor

जाड्यम् ना. जाडो, जारो winter, cold weather

जाती ना. जाई mace; jasmin

जातीपत्रम् ना. जाइपत्री mace, cinnamon

जातीफलम् ना. जाईफल, जाइफर mace; nutmeg

जामातृ ना. जमाईँ, जवाईँ, जुवाईँ, ज्वाइँ son-in-law

जाम्बीरम् ना. ज्यामिर a fruit like lemon

जाया ना. जोई wife

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जायाजन्म *ना.* जाएजनम giving birth to offspring

जायाजातम् *ना.* जायजाद, जाएजाद जायजात, जाएजात all property, landed property, tenement

जायाडिङ्गर: *ना.* जोइडिङ्ग्रे, जोइटिङ्ग्रे hen-pecked husband

जाया-पती *ना.* जोइपोइ husband and wife

जार: *ना.* यार adulteress, a paramour, man's rival for his wife

जारिणी *ना.* जार्नी lover, parmour

जालक: *ना.* जाल, जालो a spider's web; film

जालकम् *ना.* झ्याल, झेल a window

जालम् *ना.* जाल, जाली mesh, net, snare, trap; spell, magic

जालकी *वि.* जाली, झेली deceiver, forgerer

जालन्धर: *ना.* जलन्धरी, जलन्तरी a magician, a wizard

जाल्म: *ना.* जालिम्, जाली, झेली cruel person,

जिघत्सु: *ना.* घिचुवा ravenenous, voracious

जित्वर: *ना.* जितार, जितुवा desiring to win, victorious

जित्वरी *ना.* जिताउरी, जितौरी winnings distributed by the winner

जिर्यालय: *ना.* जिरेल Jirel caste

जिह्वा *ना.* जिब्रो, जिभ्रो the tongue

जिह्विका *ना.* जिभिया, जिभी tongue-cleaner

जीन: *ना.* जीनो, जीनू hard

जीर: *ना.* जीरो, जीरा cuminseed

जीरक: *वि.* जीरे small, dwarf

जीरखुरासानि: *ना.* जीरे खुर्सानी small red pepper

जीर्णवस्त्रम्१ *ना.* जड्याउरी, जडौरी second-hand (clothes)

जीर्णवस्त्रम्२ *ना.* झुत्रो ragged

जीव:१ *ना.* जिय, जिये the soul

जीव:२ *ना.* ज्यु a suffix to a person's name to indicate respect

जीव:३ *ना.* जिउ body, life

जीवति: *ना.* जिउँती, ज्युँती marriage-song, a picture hung in the room during marriage

जीवनधनम् *ना.* जिउधन life and property

जीवनम्१ *ना.* ज्यान body, life

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

जीवनम्२ *ना.* जिम्बु, जिम्मु a kind of tibetan spiceherb

जीवनी१ *ना.* जिउनी life-estate

जीवनी२ *ना.* जिम्बु, जिम्मु a kind of tibetan spiceherb

जीवलः *ना.* जिउलो, जियालो, ज्यालो, ज्याला wage

जीवहत्या *ना.* जिउहत्ये murder, slaying violence

जीवितः *वि.* जिउँदो, जिम्दो live, alive, living

जुङ्गम् *ना.* जुँगा, जुँघा mustaches

जुष्टम् *वि.* जुठो leavings impurity, remains of meal

जुष्टस्थलम् *ना.* जुठेल्नु, जुठेल्नो a garbage dump

जुष्टस्थानम् *ना.* जुठ्यान, जुठेन a place for filth

जूटः *ना.* जूरो a braid, hump

जूर्णः *ना.* जुनेलो jower, sorgham

जूर्णा *ना.* जुनेरो sorghum, jower, sorgham

जूर्तिः *ना.* जूडी, जूडो, जूडा the top-knot

जेमनम् *ना.* ज्युनार meal

जेमनार्हः *ना.* ज्युनार, जिउनार meal

जैत्रः *वि .* जिताहार, जितार winner or victorious

जैत्रपत्रम् *ना.* जितापत्र decree

जैत्रम् *ना.* जीत conquest, victory

जैन *ना.* जइन Jain religion a division of sanatan

जोडः१ *ना.* जोडा, जोडी couple

जोडः२ *ना.* जोर better half pair

जोडनम् *ना.* जोरन joint, milk-curd, rennet

जोतनम् *क्रि.* जुट्नु to gather, to assemble

जोनालः *ना.* जुनेलो sorghum

ज्याबुकः *ना.* ज्याबा, जीबा, जी बाबु, जी बाउ great grandfather

ज्याम्बा *ना.* ज्यामा, ज्यामै, ज्या आमा, जी आमा, जी आमै great grandmother

ज्येष्ठः *वि.* जेठो, जेठा, जेठू eldest of age

ज्येष्ठजनी *ना.* जेठानी elder brother's wife of one's husband

ज्येष्ठजीवः१ *ना.* जेठाज्यु elder brother of husband

ज्येष्ठजीवः२ *ना.* च्याब्ज्यु, च्याप्ज्यु, चेब्जु eldest in age

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

ज्येष्ठस्व: *ना.* जेठासो, जेठासी eldest-ness

ज्येष्ठांश: *वि.* जेठासी eldest

ज्येष्ठी *वि.* जेठी eldest in age

ज्योति: *ना.* जोति, जोत light

ज्यौतिषवीक्षणम् *ना.* जोखना, जोखाना omen oracle

ज्यौतिषिक: *ना.* जोइसी, जोसी, जैसी an astrologer, a caste

ज्वर: *ना.* जरो, जोरो fever

ज्वलनम् *ना.* जलन inflammation, burning-sensation, burn

जृम्भक: *वि.* जुम्सो lazy; indolent, slow

ज्ञ

ज्ञवाँलय: *ना.* ज्ञवाली, ज्ञवाँली, ज्ञेवाली, ग्यैंओली, ग्यौंली Gyawali caste

ज्ञात: *ना.* नाता, नातो, टाढाको relative

ज्ञाति: *ना.* नाता, नातो relationship, kinsman, kinsfolk

ज्ञातिगोत्रम् *ना.* नातागोता family relation, relative(s)

ज्ञातिपंक्ति: *ना.* नातपाँत, नातबाँत relative, kin, kinsman

ज्ञानकार: *वि.* जानकार expert

ज्ञानकार्यम् *ना.* जानकारी information

ज्ञानी *वि.* जान्नी, जान्ने expert

ज्ञापनकार: *वि.* जानिफकार expert, well-informed

ज्ञापनम्१ *ना.* जनाउ knowledge, inform

ज्ञापनम्२ *ना.* जानिफ expert

झ

झकटक: *ना.* झगडा, झगरा dispute, quarrel, brawl

झट: *क्रि.वि.* झट्ट, छट्ट at once, immediately

झटत्पटत् *क्रि.वि.* झटपट quickly, hastily

झटित: *क्रि.वि.* छरिछट्ट well-trimmed, well-dressed

झटिति *क्रि.वि.* झट्टै, झ्वाट्टै, झटाझट्, छिट्टै at once, immediately

झट् *क्रि.वि.* झट्ट, झ्वाट्ट at once, immediately

झट्कार: *ना.* झट्कार, झट्कारो, झटारो small stick or stone to throw at trees in order to bring fruit down

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झणकम् *ना.* झनक्क manner of losing one's temper, jingling

झणझणायितम् *वि.* झनझनाएको, झमझमाएको fieriness, pungency

झणनम्१ *क्रि.* झान्नु, झ्वाँइ पार्नु to season food with condiments

झणनम्२ *क्रि.वि.* झन्न, झनन्न manner of losing one's temper

झमकः *क्रि.वि.* झमक्क nightfall, evening

झम्पकः *क्रि.वि.* झपक्क, झप्को suddenly

झम्पनम् *क्रि.* झम्टिनु to pounce

झम्पाकः *वि.* झम्के showery; fringy

झम्पातः१ *ना.* झम्पाट, झम्पाड botheration, problem, useless

झम्पातः२ *ना.* झापट, झापड a slap on the face

झरः१ *ना.* झरी shower, continued rain

झरः२ *ना.* झर्रो pure, genuine; plain

झरकः *ना.* झलक glimpse, glance

झरणम्१ *ना.* झरन a hireling

झरणम्२ *ना.* झरना a fall, rapid, waterfall, cataract, cascade

झर्झरः१ *ना.* झ्याली a wandering woman

झर्झरः२ *वि.* झाँझर of a scoop with holes

झर्झरिका *ना.* झाँझरी a scoop with holes

झल्लकः *ना.* झलक, झल्को glimpse, glance

झल्लरः *ना.* झालरे of a frill, fring

झल्लरी *वि.* झाली, झ्याली, झेली cymbals

झल्लिका *ना.* झल्को glimpse, glance

झाझल्लकः *ना.* झझल्लको likeness, the thinking one person like another

झाटः१ *ना.* झाँट, झाँटा, जाँटो, जाँटा, जाँठो, जाँठा pubic hair, word used to abuse male person

झाटः२ *ना.* झारे (झारफुक) sorcery, incantation, charming

झाटः३ *ना.* झाड arbor, bower

झाटी१ *ना.* झाँडी thicket, bushwood

झाटी२ *ना.* जाँठी, जाँटी pubic hair (informally used to abouse female person)

झापालयी *वि.* झापाली, झपाली, झपेली, Jhapalian

झाबुकः *ना.* झ्याऊ turmoil or struggle

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झारा *ना.* झाडा stool, dysentery

झालि: *ना.* झोल (तिउन) broth, soup; liquid

झाल्लरी *ना.* झालर a frill, fring

झावुक:१ *ना.* झ्यौवा, झौवा a basket prepared on the twigs

झावुक:२ *ना.* झ्या, झाउ, झेउ moss

झीरिक: *ना.* झिल्को, झिल्का glimpse, glance

झीरुका *ना.* झ्याउँकिरी, आउँकिरी, झउँकिरी cicada, cricket

झीर्ण: *वि.* झिर्न, झिर्नो, झिर्नु, झीनो, झीनू poor, old, ragged

झुण्ट: *ना.* झुण्ड group

झुण्टी *ना.* झुण्डी, झुँडी flock, cluster, crowd, group

ट

टगर: *ना.* तगर a kind of tree or flower

टङ्क: *ना.* टाँक button

टङ्कणम् *क्रि.* तग्नु to stitch

टङ्कम् *ना.* टाँका a stitch

टङ्कशालम् *ना.* टकसार a mint

टङ्कार: *क्रि.वि.* टङ्, टङ्ङ, टाङ्, टाङ्ङ, ट्याङ्, ट्याङ्ङ, ट्वाङ्, ट्वाङ्ङ् a sound, the twang of a bowstring

टङ्ग: *ना.* टाँङ् spread leg

टङ्ग:१ *ना.* टाँग leg, foot

टङ्ग:२ *ना.* ढुङ्गो stone

टङ्ग:३ *ना.* टाँगी axe

टङ्ग:४ *ना.* टाँगा, ताँगा a small two-wheeled carriage

टठ्ठरीक: *वि.* ठठ्याइलो ठठ्याउली ठठ्यौली ठठ्याउलो amusing, diverting

टनक:१ *ना.* टनक्क, टन्को, ठनक्क, ठन्को erect, swollen

टनक:२ *ना.* टिनिक्क tight fit, close fit, tip top

टिङ्गर: *ना.* टिङ्गुरे, टिङ्ग्रे, टिङ्ग्रो, जोइटिङ्ग्रे gangling

टिट्टिभ: *ना.* टिटिहाँस, टिट्याँस a kind of disease

टिट्टिभी *ना.* टिटिहिरी a kind of word

टिप्पण: *ना.* टिप्पन, टिपन horoscopes, note, receipt, record of the birth-time

टिप्पणम् *क्रिवि.* टिपन, टिपन-टापन, टापन-टिपन, टाप-टिप, टिप-टाप picking up

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टुण्टुक:१ *ना.* टुटुल्को, टुटिल्को swelling caused by a bump

टुण्टुक:२ *ना.* टुटी a small spout, a cock-tap

टुण्टुक:३ *ना.* टटेलो bignonia indica

टुण्टुलकपूर: *वि.* टण्टलापुर glaring, scorching, blazing

टेर:१ *ना.* डेरो, डेडो cock-eyed, squint-eyed

टेर:२ *वि.* टेढो, टेढा crooked, bent, slant, awry, perverse

ट्वल: *क्रि.वि.* ट्वाल्ल fixedly

ठ

ठक्कुर:१ *ना.* ठकुरी, ठकुरे title of Kshatriyas

ठक्कुर:२ *ना.* ठाकुर, ठाकुरे god, idol of Vishnu, barber

ठठ्ठरी *ना.* ठट्टा burlesque, humour, jest, joke

ड

डङ्गर: *ना.* डाँगो dog

डमरु: *ना.* डम्मरु, डम्बरु young tiger; whelp of a tiger

डम्बर: *ना.* डाबर spot

डम्बरकुमारी *ना.* डम्मरकुमारी, डमरकुमारी Dambar Kumari

डल्लक:१ *ना.* डालो, डाला branch

डल्लक:२ *ना.* डालो a small bamboo basket

डल्लिका *ना.* डाली a small basket

डहू: *ना.* बडहर monkey jack, artocarpus laucha

डाकिनी *ना.* डङ्गिनी , डङ्केनी, डाइनी a witch-craft, magical spell, demoness, a shrew

डिङ्गर: *ना.* डिँगो, गाईवस्तु cow

डिङ्गर: *ना.* ढेङ्ग्रो a particular kind of drum

डिण्डिभ: *वि.* डिबडिबे small drum

डिण्डिम: *ना.* डिबडिबे tom-tom

डिम्ब:१ *ना.* डिम्बा oval, young child

डिम्ब:२ *ना.* डिँगा, डिँगो young animal

डिम्बक: *ना.* डिबिया wagon

डिम्म: *ना.* डिम्मा an egg

डुण्डुक: *ना.* गुन्द्रुक dried and soured greens, green vegetables leaves first rotten and dried

डुण्डुभ: *वि.* डुँडुवा, डुँडवा watersnake

डोट्यालय: *ना.* डोट्याल, डोटेल of Doti

डोम: *ना.* डोमे, डुम, दमाइ, गाउने व्यवसायी dome

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ढ

ढक्का *ना.* ढाका a kind of printed muslin

ढक्कार: *ना.* ढाकर a crate; a bale

ढक्कारिक: *ना.* ढाक्रे a porter

ढक्काल: *ना.* ढक्काल Dhakal subcast

ढक्कालय: *ना.* ढकाल a caste

ढक्किका *ना.* ढकिया, ढक्की lid

ढण्टुक: *वि.* ढँटुवा one given or prone to falsehood

ढुण्ढनम् *क्रि.* ढँड्नु to search, to investigate

ढेङ्गुरा *ना.* ढ्याङ्ग्रो, ढेङ्ग्रो, ढेङ्ग्रो drum

ढौक:१ *ना.* ढोका door, gate

ढौक:२ *ना.* ढोग interview accompanied by exchange of presents

ढौकनम्१ *क्रि.* ढाक्नु to cover, to envelop, to overlay

ढौकनम्२ *क्रि.* ढुक्नु to sneak

ढौकनम्३ *क्रि.* ढोग्नु to bow

ढौकनम्४ *क्रि.* डाँक्नु to call; to invite

त

तक्षक: *ना.* तच्छक act of looping or cutting off

तक्षण-त्वक्षणम् *क्रि.वि.* ताछन-तुछन shaving, scaraping

तक्षणम् *क्रि.* ताछ्नु to peel off, to scrape, to pare

तक्ष-त्वक्षम् *ना.* ताछ्र-तुछ plaining, peeling off

तक्षितक: *ना.* तखता, तख्ता, तखतो a shelf plank, rack, wooden sheet

तङ्ग: *ना.* टाङ leg

तडाग:१ *ना.* तलाउ a pond, a tank, a lake

तडाग:२ *ना.* ताल tank, a lake

तण्डुल: *ना.* तन्दुल (चामल) rice

तण्डुलीय: *ना.* डडाँल्नु husk of rice

तति: *ना.* ताँती line, row, string

तत् *सर्व.* तो, त्यो that

तत्काल: *क्रि.वि.* तड्कारै, टड्कारै loud and clear

तत्कालिक: *वि.* टड्का, तड्का fresh, of this time

तत्पश्चात् *वि.* त्यसपछि after, after that

तत्सत् *ना.* तस्सत् that supreme is essential

तथापि *संयो.* तैपनि even if

तथ्यम् *ना.* तथा certainty

तदर्थम् *संयो.* तसर्थ therefore

तदानीम् *क्रि.वि.* तादी in days long gone by

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्दिने *क्रि.वि.* तादी in days long gone by

तद्भव: *ना.* तद्भउ a Sanskrit word used in a slightly changed form; born there from

तनक:१ *क्रि.वि.* ठनक्क breaking sound

तनक:२ *क्रि.वि.* तनक्क fully stretched or extended

तननम् *क्रि.* तान्नु to draw, to pull, to stretch, to drag

तनु: *ना.* नानु, नानो, सानु सानो a word used for calling young ones with affection

तनुप्रस्थम्भरा *ना.* सानु पाथीभारा small Pathibhara place and temple

तन्तु:१ *ना.* टण्टो, टण्टा botheration

तन्तु:२ *ना.* तुनो, तनो, तुनु, तुना, तना, तने having a tape or lace

तन्तु:३ *ना.* त्यान्द्रो, तेन्द्रो tendril, small piece

तन्तु:४ *ना.* ताँदो bow string

तन्त्रम् *ना.* तन्तर a religious treatise containing mystical formulas

तन्त्रमन्त्रम् *ना.* तन्तर-मन्तर ritual

तन्त्री *ना.* तार thread, wire; telegram string

तन्वी *ना.* नानी an affectionate term for a child or one's junior

तपस्वी *वि.* तपसी a hermit, an ascetic, a devotee, an anchorite

तप्त *वि.* तातो hot, warm, heated

तप्ततप्तम् *वि.* तातोतातो, तात्ताता heat, warmth

तप्तिका *ना.* ताई flat iron pan with a raised side

तरङ्ग:१ *ना.* तरङ् rage, excitement

तरङ्ग:२ *ना.* तराना rise and fall of music, a song

तरलिका *ना.* तरेली a layer, stratum; row, serial of a soft and tickle line

तरवारि *ना.* तरवार a sword, scimitar, sabre

तरुण:१ *वि.* तरुनो, तरुना a youngster, a young man

तरुण:२ *वि.* तन्नेरो, तन्नेरा, तन्नेरी young

तरुणी *वि.* तरुनी, तन्नेर्नी a young woman

तर्कुट: *वि.* कतुवा a spindle

तर्ज: *ना.* तर्सो alarm, fright

तर्जक: *ना.* तगारो bar, barrier

तर्जनम् *क्रि.* तर्साउनु to terrify, to scare

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तर्पणम् *ना.* तर्पन triping, libation of water

तर्हि *क्रि.वि.* तहिले when

तर्हिअपि *क्रि.वि.* तहिले पनि even when

तलकुल्या *ना.* तलकुलो, तलकुले, तरकुले, तरकुरो the name of short vowel u

तलम्१ *ना.* तलो, तल्लो, तालो, तला floor, storey

तलम्२ *ना.* तल्ली below or under, lower, sole of the shoes

तल्लः *ना.* ताल a pool, a lake

तल्ली *ना.* डल्ली loving word for youthful woman

तल्लीकः *ना.* तलुवा the sole of the shoe

तष्टः *वि.* ताछेको scraped

तष्ट-नष्टम् *क्रि.वि.* तहस-नहस ruined

तस्मात् *सर्व.* त्यसबाट from that

तात तात *ना.* ताते ताते a slow walk in children's language

तातलः *ना.* ताउलो a big cooking pot

तातली *ना.* ताउली a small cooking pot

तादृशः *स.ना.* तेस्तो such like

तादृशीः *स. ना.* तेस्ती such like

तानः१ *ना.* तराना tone, turning, melody

तानः२ *ना.* थान, कपडाको थान classifier for cloth

तानः३ *ना.* तान, ताना, तानो loom, weaving machine, tone

ताननम् *क्रि.* तान्नु to pull

तानपूरिका *ना.* तानपुरा a kind of musical instrument like a sitar, tambour

तानातानिः *ना.* तानातान pulling

तानि *ना.* तिनी they

तापः *ना.* धाप, हाप heat, warm

तापकः *ना.* ताप्के, ताप्को, तावा a frying pan

तापिका *ना.* ताप्की a frying pan

तप्तिका *ना.* ताई a flat iron pan with a raised side

ताम्बूलम् *ना.* तामुल, तामुलपान betal leaf

ताम्बूलिकः *ना.* तमौली, तमोली one who sells betel-leaves

ताम्रकारः१ *ना.* ताम्राकार a class of Newar community

ताम्रकारः२ *ना.* तमोट, टमोट, टाँटो brazier

ताम्रकुट्टः *ना.* तम्बाकु, तमाकु, तमाखु tobocco

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताम्रपात्रम् *ना.* तमौरी, तमौरो, तमौरा a brazier

ताम्रम् *ना.* ताँबा, ताबौँ, तामा, तामो copper

ताम्रसेन: *ना.* तानसेन तान्सिन, तान्छिन Tansen city in Nepal

तारका *ना.* तारा star

तारणम् *ना.* तारन, तरन- तारन acrossing, salvation

तारय माम् *ना.* तारेमाम् a soluting word

ताल: *ना.* ताड palm tree

तालकम्१ *ना.* ताल्चा, ताल्चा padlock

तालकम्२ *ना.* तगाला bar (gate)

तालिका *ना.* ताला, ताली, ताल्चा, ताल्चो lock

तिक्तपत्री *ना.* तीतेपाती bitter plant

तिक्तम् *वि.* तीतो, तीते (तीतेफापर, चिराइतो) bitter wheat, swertia chirata

तित्तिरि: *ना.* तितरी, तित्रो, तित्रा a partridge

तित्तिरिपुङ्खी *ना.* तितरिपङ्खी, तितलिपङ्खी, तित्रापङ्खी cloud, as a guil of partridge

तिन्तिडी *ना.* तित्री tamarind

तिन्दु *ना.* तीँदू, तेँदू a kind of fruit

तिमिलसेनीय: *ना.* तिमल्सेना, तिमिल्सिना, तिम्सेना, तिम्सिना Timalsena

तिरस् *ना.* तिर toward

तिर्यक्१ *ना.* छड्के, छिर्के, छिर्का oblique, slanting, slanting, to be in dilemma

तिर्यक्२ *ना.* तेर्छो slanting, oblique, awry, straight

तिलकम्१ *ना.* टिकुली a mark made on the forehead either as an emblem of sect or for ornament

तिलकम्२ *ना.* तिलख, तिल्खो mark on the forehead

तिलकम्३ *ना.* टीको, टीका, टिकी the rice on forehead offered in worship

तिलपानीयम् *ना.* तिलानी the sesamum-water

तिलपूर: *ना.* तिलौरी, तिलौरा, तिरौला a sweet ball made of sesamum seeds

तिलबटिकाकोट्टम् *ना.* तिलौराकोट, तिलवराकोट Tilaura Kot

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिललतिका *ना.* तिलहरी, तिलरी a bead or necklace composed of three strings

तिल-शम्भलक: *वि.* तिल-चाम्ले, तिल-चाउँले, तिल चामले grizzled, grey-haired

तिलाञ्जलि: *ना.* तिलानी libation of secamum-water

तीक्ष्ण:१ *ना.* तिक्खर, तिक्खरा savoury, sharp

तीक्ष्ण:२ *वि.* तीखो, तीखा, तीखे savoury, sharp, pungent, tart

तीक्ष्णतर: *वि.* तिक्खर savoury, sharp

तीक्ष्णम् *वि.* तीखो, तीखा, तीखे savoury, sharp, pungent, tart

तीक्ष्णा *ना.* तीखी cleaver

तीव्रकूटम् *ना.* तिब्रिकोट name of a village

तु *नि.* त, ता a particle used to focus

तुङ्ग:१ *ना.* टुङ्गो settelment

तुङ्ग:२ *ना.* टुँङ्गो the pointed portion of an ear of corn

तुङ्ग:३ *ना.* थुङ्गो, थुङ्गा, थुँगा a bouquet of flowers

तुङ्गम् *ना.* थुम a top of a mountain

तुच्छ:१ *ना.* तुच्छो, तुच्छा absurd, meaningless

तुच्छ:२ *वि.* छुच्चो, छुचो, छुच्चा, दुच्छर low minded, greedy

तुणि: *ना.* टुनी red ceder, toona ciliata

तुण्ड: *ना.* टुँडो, टुँडा the pointed portion of an ear of corn

तुण्डम्१ *ना.* ठाँड (चराको) beak of a bird

तुण्डम्२ *ना.* थुतुनो snout of an animal

तुण्डम्३ *वि.* ठूँड, ठाँड, ठाँडी, ठाँडो beak of a bird

तुण्डल: *ना.* टुडाँल wooden support for the edge of a roof

तुण्डवस्त्रम् *ना.* टुँडेसो mask

तुण्डाल: *ना.* टुँडाल a slanting pole to support the beam

तुण्डी *वि.* थुतुने talkative

तुण्डीरखेल: *ना.* टुँडिखेल a parade ground

तुत्थ: *ना.* तूथो (नीलो तुथो आदि) a pot of copper

तुन्द: *ना.* तौँद, तोन (भुँडी) big belly, pot belly

तुम्बी *ना.* तुम्बो, तुम्बा a small gourd, a pot made of dried gourd

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुम्बुरु:१ *ना.* तम्बुरा, तम्बुरो tambourine

तुम्बुरु:२ *ना.* टिम्बुर, टिम्मुर, टिमुर a kind of spice like black pepper

तुम्बुरु:३ *ना.* तानपुरा tambourine

तुरुष्कस्थानिक: *वि.* टर्किस्तानी, तुर्कानेे belong to Turky, Turk

तुरूष्कस्थानम् *ना.* टर्किस्तान, तुर्कान, Turkistan

तुलसी *ना.* तुलसा, तुल्सा, तुलुसी, तुलसी holy basil plant

तुला *ना.* तुलो a scale, a balance

तुलाधर: *ना.* तुलाधर a trader

तुवर: *ना.* टर्रो astringent

तुवरिका *ना.* तोरियाँ, तोरोएँ, ridgegourd

तुरी *ना.* थुरी fibrous stick

तुवरी *ना.* तोरी mustard plant

तुवरी-शालातुरीय: *ना.* तोरी लाहुरे irresponsible, migrant

तुवाल: *ना.* तमालो, तुवालो, तुमालो, तुआँलो, त्वाँलो heat-haze

तुष:१ *ना.* फुस hay, straw

तुष:२ *ना.* टुसा, टुसो sprout, a young shoot of a plant

तुष:३ *ना.* टुडौँ the pointed portion of an ear of corn

तुष:४ *ना.* टुसी, टिसी, टिसो clitoris

तुषक: *ना.* डुकु stem, stalk

तुषार: *ना.* तुसारो, तुसारा frost; snow

तुहिनम् *ना.* हिउँ snow

तूणीरक: *ना.* ठोक्रो quiver

तूदी *ना.* तूदीडाँडो, तूलीडाँडो Tudi place in Nepal

तूदीम् *ना.* खिदीम (गाउँ) a village where Panini created Ashtadhyayi (in Nepal)

तूर्यम् *ना.* तुरही trumpet

तूलगण्ड: *ना.* तुलेगाँडो (चरो) laughing thrush a bird

तृतीय: *वि.* तीयो measure of three in tip-cat game

तेज:पत्रम् *ना.* तेजपात cassia

तेमनचक्षक: *वि.* तिहुन चखुवा, तिउन चखुवा curry-taster, vagabond

तेमनम् *ना.* तिउन, तिहुन a vegetable curry, sauce

तैक्ष्ण्यम् *ना.* तिखार sharpened, pointing

तैलम् *ना.* तेल oil, grease

तैली *ना.* तेली an oil-man

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तोलः *ना.* तउल weight

तोलकः *ना.* तोला a weight of twelve mashas

त्यक्तः१ *वि.* छाडा, छाडो free; wanton

त्यक्तः२ *वि.* छडुला, छडुलो free, immoral, lewd, loose

त्यक्ता *वि.* छाडा, छडुली free; wanton

त्यादृश : *स.ना.* त्यस्तो such like

त्यादृशी *स.ना.* त्यस्ती such like

त्र्यायुषम् *ना.* तरेखू tika of coal

त्वगङ्कुरः *ना.* जिरिङ्ग, जुरुङ्ग, जुरुङ् tilillation, horripilant

त्वया मया *ना.* तोयो मोयो divison, partition

त्वरः *क्रिवि.* तुर्र, तुर-तुर, तुरतुरी, तुर्तुर्ति flow of liquid

त्वरकः *ना.* तुर्को drip

त्वरकम् *क्रि.वि.* तुरुक्क, तुलुक्क flowing of liquid in small quantity

त्वरिः *ना.* तुरी penis

त्वरितस्फूर्त्तिः *ना.* तुरिफुरी, चुरिफुरी what and how you do

त्वारः *क्रिवि.* त्वार्-त्वार, त्वार्र त्वार्र, त्वार् त्वार्ति the sound of falling water

त्वै१ *नि.* तोइ a particle used to focus

त्वै२ *नि.* तै, तो, त a particle used to focus

तृणकः *ना.* तिन्को, सिन्को (छेस्को) a straw

तृणान्नम् : *ना.* तिना, तिन्ना rice growing wild

तृणम् *ना.* तिर्नो, तिर्नु grass

तृतीया *ना.* तीज Teej festival; women's festival

तृप्यन्ताम् *ना.* तर्पन्ताम्, तिर्पन्ताम libation of water

तृषा१ *ना.* तिर्खा thirst; desire

तृषा२ *ना.* तिस, ३० thirsty

तृषाकुलः *वि.* तिर्खालु thirsty

तृष्णा *ना.* तिर्सना, तिर्सनो, तरान desire; thirst

त्रयश्चत्वारिंत्/त्रिश्चत्वारिंशत् *वि.* त्रिचालीस forty three, 43

त्र

त्रयस्त्रिंशत् *वि.* तेत्तीस thirty three, 33

त्रयोदशी *ना.* तिरोदशी-तिरदशी thirteenth day of lunar fortnight

त्रयोनवतिः *वि.* तिरान्नब्बे, ९३ ninety three, 93

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रयोविंशति:/त्रिविंशति: *वि.* तेईस twenty three, 23

त्रसनम् *क्रि.* तर्सिनु to be or get frightened

त्रसमान: *वि.* थर्कमान् trembling with fear

त्राण:१ *ना.* टाँड a raised platform

त्राण:२ *ना.* तरान strength; nourishment

त्रास:१ *ना.* तरास fear, dread

त्रास:२ *ना.* सातो spirit, presence of mind

त्रासनम् *क्रि.* तर्साउनु to terrify, to scare

त्रिकम् *ना.* तिक्का, तिक्की, तिर्की third, 3rd

त्रिकल: *ना.* तिक्कल savoury, sharp

त्रिकूटी *ना.* तिर्खुट्टी three-legged pot, tripod

त्रिकोणम् *वि.* तिनकुना, तिनकुने three-corners, triangle

त्रिक्रम : *ना.* तिकडम तिगडम trick

त्रिखण्डी *ना.* तिरखन्नी, तिरखन्डी three-fold

त्रिगुणम् *वि.* तिगुना तीनगुना three-fold

त्रिचत्वारिशत् : *वि.* त्रिचालिस ४३, fourty three, 43

त्रिनवति : *वि.* तिरानब्बे, ९३, ninety three, 93

त्रिपञ्चाशत्/त्रय:पञ्चाशत् *वि.* त्रिपन्न fifty three, 53

त्रिपटम् *ना.* तिर्पट three-fold

त्रिपदिका *ना.* त्रिपाई, तिरपाई, तिपाई a tripod, teapoy, stool

त्रिमुखम् *वि.* तिनमुखे three-mouthed

त्रिरेखम् : *ना.* तरेखु three lines made of ashes on the forhead

त्रिविंशति : *ना.* तेइस, २३, twenty three, 23

त्रिविष्टपम् *ना.* तिब्बत Tibet

त्रिवृतम् *वि.* तेब्बर, तेबर, तेब्बरी, तिउरी, त्यूरी three times, thrice

त्रिवृत्तम् *वि.* त्रिबल, तिर्बल three folds of skin on the abdomen

त्रिषष्टि:/त्रय:षष्टि: *वि.* त्रिसठ्ठी, तिर्सठ्ठी, तिर्साठी sixty three, 63

त्रिसप्तति: *वि.* त्रिहत्तर seventy three, 73

त्रीणि *वि.* तीन three, 3

त्रुट:१ *ना.* टुट a break, breach, division

त्रुट:२ *ना.* टुटा, टुट्टा loss, damage

त्रुटक:१ *ना.* टुक्रा, टुक्रो a piece, a bit

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रुटक:२ *ना.* कुड्का, कुड्को a small piece, a bit, a fragment

त्रुटकी *ना.* चुटकी, चुट्की, चुडकी, चुडकी a pinch, a snap with the fingers

त्रुट-स्फुटम् *ना.* टुटफुट breakage, damage

त्रुटि: *ना.* तुटि, टुटि, टुटी tap-top

त्रुटिक: *क्रि.वि.* चुटुक्क, चिटिक्क, चुडुक्क, चिडिक्क cute, attractive, smart, pretty

त्रुटिका१ *ना.* तुक्का, टुक्का riddle

त्रुटिका२ *ना.* चुड्किला चुड्का, चुड्को joke

त्रैमासिकी *वि.* तिमासे, तीनमहिने three monthly

त्रोट:१ *ना.* तोड fold

त्रोट:२ *ना.* तोड mentally hurt

त्रोट-मोटम् : *ना.* तोड-मोड, टोड-मोड break and fold

त्रोट-स्फोटम् *ना.* तोड-फोड vandalism, sabotage

त्रोटि: *ना.* टौँटी a kind of insect

त्र्यशीति: *वि.* तिरासी, ८३ eighty three, 83

थ

थाकालय: *ना.* थकाली Thakali caste

थुत्क:१ *ना.* थुक् spittle, saliva, phlegm

थुत्क:२ *वि.बो.* थुक्क fie ! exclamation of disgust

थुर्वणम्१ *क्रि.* थुर्नु to reproach, to abuse; to tease

थुर्वणम्२ *ना.* थुर्याइँ reproach, scolding

थूत्कार: *ना.* थुत्कार, दुत्कार, धुत्कार (थुक्क) word for disgust or contempt

द

दंश:१ *ना.* डंक stinger

दंश:२ *ना.* डाँस a kind of large mosquito, a gadfly

दंशक: *ना.* डाँगो dog

दंष्ट्रा *ना.* दाह्रा, दाह्रो, दारो tusk, long tooth

दक्षिण:१ *वि.* दायाँ right

दक्षिण:२ *ना.* दाहिना, दाहिने, दाहिनू, दाहिनो right (side)

दक्षिणा१ *ना.* दच्छिन, दक्खिन, दखिन the south, the right

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणा२ *ना.* दच्छिना, दछिना, दछिनु, दक्खिना reward, donation, present; a gift to prist at completion of a religious rite

दग्ध: *ना.* डढेको fired

दण्ड:१ *ना.* डाँट molestation, threatening

दण्ड:२ *ना.* धड trunk (of body or tree)

दण्ड:३ *ना.* डाँड (डण्ड-कुण्ड) fine, penalty

दण्ड:४ *ना.* ढाढ the back, spine, backbone

दण्डक: *ना.* डण्डी bar of metal, spike, iron pole

दण्डक:१ *ना.* डडाँक hugh, big

दण्डक:२ *क्रि.वि.* दनक दनक्क punishment

दण्डक:३ *ना.* डाँडा, डाँडो hillocks

दण्डका *ना.* डडाँक an adult girl

दण्डा *ना.* डण्डा stick

दण्डिका *ना.* डाँडी pole for a palanquin

दधि१ *ना.* धौ curd, yoghurt

दधि२ *ना.* दही, धही curd

दधिवटिका *ना.* दहीबडा, दहीबाडा, दहीबरा curd sponged cake

दनासो *ना.* दन्ताश्रय a support for teeth

दन्त: *ना.* दाँत a tooth; a notchdent

दन्तखर्जनक: *ना.* दँत्कर्नु, दँत्कर्नो, दन्कर्नु, दन्कर्नो toothpick

दन्तधावनम् *ना.* दतिउन, दतिओन, दत्युन, दतुन tooth-brush

दन्तुर:१ *वि.* दँतुली, दँतुलो with projecting teeth

दन्तुर:२ *वि.* दँतुली with projecting teeth

दमक: *ना.* दम्को, दम्की noise of footsteps

दर: *ना.* डर fear

दरखनित्रम् *ना.* दरखना (गल) crowbar, spear

दरम् *वि.* थोरै a little, less, some, meagre

दरिद्र: *वि.* दलिद्र poor

दर्दुरा *ना.* दादुरा measles

दर्नालय: *ना.* दर्नाल a caste

दर्प: *ना.* पारा, पारो pride, arrogance

दर्पणम् *ना.* दर्पन, दरिपन a looking-glass, mirror

दर्भशूक: *ना.* दप्सु, दप्सो, दक्सो a kind of grass

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्वी *ना.* डाडु a wooden ladle

दर्वी *ना.* दाविलो a wooden ladle

दलिः *ना.* डल्लो, डल्ला round lump, clod

दशनम् *क्रि.* डस्नु to sting, to bite

दहनम् *ना.* डहन burning, combustion

दहनिका *वि.* नियाँनु, न्यानु, न्यानो warm

दहरः१ *ना.* डहर track, alley, back street, byway

दहरः२ *ना.* डहर, दहरो, दह्रो young animal, young in age, strong, not old

दाडिम *ना.* दारिम pomegranate

दाढा१ *वि.* डाढ, दाढा jole, jaw

दाढा२ *ना.* दाह्रा, दाह्रा, दारा, दारो tusk, long tooth

दाढिका *ना.* दाह्री, दारी beard

दात्रम् *ना.* दाँती edge, tooth of a saw

दाम *ना.* दाम्ला, दाम्लो a cord for fettering beasts, tether, leash

दामकरः *ना.* दयैंरो, दएँरो trampler

दामधरः *ना.* दयैंरो, दएँरो (दाइँहारा) trampler

दामनी *ना.* दाउनी, दउँनी, दौँनी, दाईं trampling of reaped corn by bullocks

दामलः *ना.* दमाली, दाँवल a coeval, a contemporary

दायजः *ना.* दाइजो dowry, bridal gift

दायादिका *ना.* दिदी elder sister

दायी *ना.* दाइ elder brother

दारुकम् *ना.* दाउरा, दाउरो firewood

दारुकिकः *वि.* दाउरे a woodcutter

दार्ढ्यः *ना.* ढाडी fat, massive, bulky

दार्ढ्यम् *ना.* ढाडस comfort, encouragement

दाली *ना.* दाल pulse, split peas, lentil

दाहः१ *ना.* डाह, डाहा burning, sorrow, heat; envy

दाहः२ *ना.* डाढ, डाढो malice, jealousy, envy

दाही *ना.* डाही envious, malicious, jealous

दिगम्बरः *ना.* बुड्गो, बुङ्गा naked, penyless

दिङ्लालयी *वि.* दिङ्लेली person of Dinla place

दिवसः *ना.* दिउँसो, घुँसो, घुँस daytime

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिव्यम् : *वि.* दिब्ये, दिब्बे divine, super natural

दीप: *ना.* दीयो a lamp

दीपक: *ना.* धिप्को small flame

दीपालि: *ना.* देवाली, दिवाली, द्याली line of lamp

दीपावली१ *ना.* देवाली, देओली, देउली, द्यौली traditional worship of a tutelary deity

दीपावली२ *ना.* दिवाली, देवाली the festival of lights

दीर्घ: *वि.* दीघो, दीगो lasting, enduring, sustainable, permanent

दीर्घ: (सूत्री) *वि.* ढिलो, ढिला delay, slow

दु:खाश्रु: *ना.* दुखेसो grievance, complaint

दुग्ध कूर्चिका *ना.* दुरुखा, दुर्ख्वा, दुर्खा (छुर्पी) food made by milk of Himalayan cows

दुग्धम् *ना.* दूध, दुद milk

दुग्धला *ना.* दुधेलो, दुदेलो rectiferous plant

दुग्धहर:१ *ना.* दुनेलो milking pot of bamboo

दुग्धहर:२ *ना.* दुधेरो, दुँदेरो, दुहुनेरो, दुङ्ग्रो milk-pot

दुद्रुम: *ना.* दुँदु garlic like plant

दुर्बल:१ *वि.* डुहुरो mousy

दुर्बल:२ *वि.* दुब्लो दुब्ला lean and thin male

दुर्बल:३ *वि.* लुरे lean

दुर्बला *वि.* दुब्ली lean and thin female

दुर्लभ:१ *ना.* दुलहा, दुलहो bridegroom

दुर्लभ:२ *ना.* बेहुला, बेहुलो, ब्यौलो bridegroom

दुर्लभ:३ *ना.* डोहो, डोहो-डोहो shortage, dearth

दुर्लभा१ *ना.* दुलही-दुल्ही bride

दुर्लभा२ *ना.* वेहुली, ब्यौली bride

दुश्चर: *ना.* दुच्छर, दुर्छे, दुर्छो kicking, tongued, harsh, wicked

दुष्करणम् *क्रि.* डुक्रनु, डुक्रिनु to bellow, to speak loudly in pride

दुष्कर्मीण: *ना.* कमीना mean

दुष्टमना: *ना.* दुश्मन enemy

दूरे दूरे *वि.बो.* दुरदुर stand off !

दूर्वा *ना.* दूभो, दूबो sacred grass

दूषणम् *ना.* धुस्नो stubble

दृढ:१ *वि.* अडिग unshaken; firm

दृढ:२ *वि.* दहरो, दह्रो, दर्रो, दरो, धर्रो strong

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

दृढबल: *वि.* दर्बिलो, दह्रिलो firm, fast, steady

दृप्ति:१ *ना.* ताईं power, pride

दृप्ति:२ *ना.* पाइँ power, pride, strength

दृष्टम् *वि.* देखेको seen

दृष्ट्या *ना.* देखि from, since

देवकी *ना.* देउकी, द्यौकी a woman consecrated to the worship of God

देवकूटीय: *ना.* देवकोटा, देउकोटा, द्यौकोटा Devkota sub-caste

देवता१ *ना.* देउता, द्योता, द्यौता God, deity, divinity

देवता२ *ना.* देउतिनी, द्यौतिनी, देउती, द्यौती goddess

देवदारु: *ना.* दियार, दियारो, द्यारो, (सल्लाको) दियालो, द्यालो pine-tree, pinewood

देवपत्तनम् *ना.* द्यौपाटन a place in Kathmandu

देवर: *ना.* देउला, देउलो a word of respect for Pode as worshipper

देवरजनी *ना.* देउरानी wife of husband's younger brother

देवल:१ *ना.* देओल a temple

देवल:२ *ना.* देवाल wall

देवालय: *ना.* देवल, देओल a temple

देश: *ना.* देस country

देहली१ *ना.* डेउढी porch, entrance, threshold; curve

देहली२ *ना.* दहिलो, दैलो, दहिली, दैली, दहिला, दैला doorway, gateway

देहली३ *ना.* धहिलो, धैलो, धहिली, धैली, धहिला, धैला door

देहिश्रियम् *ना.* देउसीरे a kind of song sung during Tihar festival

दोर: (क) *ना.* दोरो, डोरो, दोरा, डोरा, दोरी, डोरी rope

दोल: *ना.* डालो a scuttle, a basket

दोलक: *ना.* झोलुङ्गो, झोलुङ्गा juicy, succulent

दोलस्थ: *ना.* दुलहा, दुल्हा, दुलहो, दुल्हो, दुल्हा, दुल्हो a bridegroom

दोलस्था *ना.* दुलही, दुल्ही, दुल्ही a bride

दोला *ना.* डोला a closed litter, palanquin

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोली *ना.* डोली a kind of sedan-litter used for females, palanquin

दोष:१ *ना.* दोस fault, blame

दोष:२ *ना.* दोख fault, blame

दोहनघट: *ना.* दुहुनेरो, दुहुन्यारो, दुन्यारो milkpot

दोहनपात्रम् *ना.* दुहुनेरो, दुहुन्यारो, दुनेरो pot to put milk

दोहनम् *क्रि.* दुहुनु to milk

दोहनी *वि.* दुहुनी milky

दौवारिक: *वि.* द्वारे, दुआरे, दुवारे person who lives in doorway

द्यूतक्रीडी *वि.* जुवडी, जुवाडी, जुवाडे, जुआडे, जुआडी a gambler

द्यूतम् *ना.* जुआ gambling

द्यूतम् *ना.* जुवा, जुआ a yoke; gambling

द्वयेकारलक्षणम् *वि.* दोलख, दोलक, दोलखे a pendulum mark of the eighth vowel of Devanagari script

द्रङ्ग: *ना.* दाङ् Dang district

द्रप्सी *ना.* लस्सी, लास्सी a drink made of curd and sugar

द्रव्यम्१ *ना.* दमडी, दमडो the fourth part of a piece

द्रव्यम्२ *ना.* दाम money, currency

द्रव्यम्३ *ना.* दर्ब्ये (पैसा, रुपैयाँ), दर्बे money, currency

द्रव्यम्४ *ना.* दाम price, value, cost

द्रव्य-कर्म *ना.* दाम-काम valuation, bargain, appraise

द्राक्षा *ना.* दाख grape; raisin

द्राप: *ना.* ढाप, ढाब damp, moss

द्राविडम् *ना.* बिरे (नून) a kind of salt

द्रुघण: *वि.* ढुङ्ग, ढुङ्ग्यान stony, rocky, pebbly

द्रुघण:१ *ना.* ढुङ्ग्यान stony, rocky, pebbly

द्रुघण:२ *ना.* ढुङ्गा, ढुङ्गो, stone, rock

द्रुघणालय: *ना.* ढुङ्गेल, ढुङ्केल a caste

द्रुघणीय: *ना.* ढुङ्गाना, ढुङ्काना a caste

द्रोण:१ *ना.* दुना, दुनो cup, made of leaves

द्रोण:२ *ना.* डोँड, डुँड ancient weight of four Adhka

द्रोणकटम् *ना.* डोँडकट्टा a village of Arghakhanchi

द्रोणकर: *वि.* डौँडारे, डौँढारे man who gives in large quantity

द्रोणकाक: *ना.* डुमकाग Raven

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रुणिका *ना.* डुँडी bathing tub

द्रोणी *ना.* डौंडी, डुँडी wooden water pipe

द्रुतगूर्दनम् *क्रि.* दगुर्नु, दुगुर्नु to run, to go fast

द्रुमजः *ना.* दुमजा, दुम्जा Dumja place

द्रुमजालयी *ना.* दुम्जाली person of Dumja place

द्वाचत्वारिंशत/द्विचत्वारिंशत् *वि.* बयालीस forty-two, 42

द्वात्रिंशत्/द्वि त्रिंशत् *वि.* बत्तीस thirty-two, 32

द्वादशाक्षरी *ना.* बाह्रखरी vowel marks in Devanagari script

द्वादशी *ना.* दुवादशी, दुवादशी twelfth day of lunar fortnight

द्वारपथम् *ना.* डोरो a boundary path of house

द्वारम्१ *ना.* दर, दरा door

द्वारम्२ *ना.* डोह, डोहा, डोहो, ड्वाहा landmark, a path

द्वारम्३ *ना.* दुलो a hole

द्वारम्-४ *ना.* दुवालो, दुवाली hole

द्वारवान् *ना.* दरवान (द्वारपाले) gate-keeper

द्वाराटकः *ना.* डोरेटो a footpath, a pathway

द्वाविंशतिः/द्विविंशतिः *वि.* बाइस् twenty two, 22

द्विकम् *ना.* दुक्का, दुक्की second of card, a pair

द्विकर्णम्१ *वि.* दोलकन्ना, दोलकनो, दोलकानी, दोलकानो, दोल्काने mark of the tenth vowel of Devanagari script

द्विकर्णम्२ *वि.* दुईकान, दोकान two ears

द्विकलः *वि.* दोकल, दोक्कल, दोक्लो (एक्लो-दोक्लो) accompanied by a person

द्विकोणम् *वि.* दुइकुने biangular

द्विगतः *ना.* दोगल, दोगला accompanied by a person, bustard cross bread

द्विगलः *ना.* दोगल, दोगला bastard, cross-bread

द्विगुणम् *वि.* दुईगुना, दुगुना, दुईगुनो, दुगुनो दुना, दुने twice

द्विचर्मिका *ना.* दोचा Tibetan boot

द्विजिह्वः *वि.* दुईजिब्रे, दुईजिभ्रे deceitful

द्विजीवा *वि.* दोजिया a pregnant woman

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितलम् *वि.* दुईतले two-storeyed

द्वितीया *वि.* दुतीया, दुइज, दूज second day after dark moon

द्विधार: *ना.* दोधार dilemma, state of hesitation

द्विधारम् *ना.* दोधारा a river having two streams, a place in western Nepal

द्विनवति:/द्वानवति: *वि.* बयान्नब्बे ninety two, 92

द्विपञ्चाशत्/द्वापञ्चाशत् *वि.* बाउन्न fifty two, 52

द्विपट्टम् *ना.* दुपट्टा, दोपट्टा, डोपट्टा a kind of cloth, scarf

द्विपाद् *वि.* दोपाया two-legged, biped

द्विप्रहर: *ना.* दुईपहर, दोपहर, दोप्पहर noon, midday

द्विबाटम् *ना.* दोबाटो, डोबाटो, दोबाटा, डोबाटा the meeting of two roads

द्विमनस्क: *ना.* दोमन mental unsteadiness

द्विरागमनम् *ना.* दुरान, दुलान a second arrival after marriage

द्विर्वृति: *ना.* दोबरी, दोहोरी a duet

द्विर्वृत्तम् *ना.* डबल, डब्बल double

द्विलक्षकम् *ना.* दोलख, दोलखा, दोलक name for the vowel 'ा'

द्विवृतकम् *ना.* दौरा cloak

द्विवृतम् *वि.* दोब्बर, दोब्रे, दोब्रो (डबल) having two sheets

द्विषष्टि:/द्वाषष्टि: *वि.* बयसठ्ठी, ६२ बासठ्ठी, बैसठ्ठी sixty two, 62

द्विसन्धि: *ना.* दोसाँध frontier, border, boundary

द्विसप्तति: *वि.* बहत्तर seventy two, 72

द्विस्तर: *वि.* दोहोरो double, two-fold

द्वैधारिक: *वि.* दोधारे dubious

द्वैभाषिक: *वि.* दोभासे bilingual

द्वैमासिक: *वि.* दोमासे two monthly

द्व्यर्द्धकम् *वि.* अढैया a weight of two and a half seers

द्व्यशीति: *वि.* बयासी, ८२ eighty two, 82

ध

धक्क१: *ना.* धक्का dash, shock

धक्क२: *ना.* धाक, धक्कु, धक्कू, धक्को shove

धगद्धगत् *क्रि.वि.* धक्धक्, धकाधक् straits; in difficulty

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

धत्तूरम् *ना.* धत्तूर, धत्तूरो, धतुरा narcotic plant

धनकः *ना.* नकद, नखद, नगद cash

धनदम् *ना.* धन्धा, धन्धो, धन्दा, धन्दो profession

धनदा *ना.* धन्धा, धन्दा, धन्ना occupation, business

धनसूः *ना.* धनेस great hornbill

धनुः *ना.* धनु a bow

धनुर्वंशः *ना.* धनुबाँस a kind of bamboo tree

धन्यम् *वि.बो.* धन्ये, धन्ने God be praised !

धमकः *ना.* धम्को, धम्की asthma; reprimand, threat

धम्मिलः *ना.* धैमल smoky

धरणम् *ना.* धरना, धर्ना picketing

धरणिः *ना.* धरान Dharan

धरणी१ *ना.* धार्नी a weight of twelve paus or two and a half pounds

धरणी२ *ना.* धरन large beam

धरागृहम् *ना.* धरहरा a tower, a turret

धरित्री *ना.* धरती earth

धर्मी *ना.* धामी wizard; sorcerer

धर्षः *ना.* धर्सा, धर्सो a line, stripe, streak

धवलः *वि.* धौले white

धवली *वि.* धौली, धौलीगाई white cow

धातकी *ना.* धएँरो, धयाँरो, धाइरो gris lea to mentosa tree

धातुः *ना.* धाउ ore (esp. copper ore)

धात्री *ना.* धाई a nurse, wet-nurse, drynurse

धानुषः *ना.* धनुसा Dhanusa district

धान्यकुट्टम् *ना.* धनकुटा Dhankuta district

धान्यनृत्यम् *ना.* धाननाच a kind of dance, performed in Limboo community

धान्यम् *ना.* धान the rice-plant, paddy

धान्यशालम् *ना.* धनसार grain-store, granary

धान्याकम् *ना.* धनियाँ coriander, coriandrum sativa .

धारणम्१ *ना.* धरालो a warden ship

धारणम्२ *ना.* धारन holding

धारणी *ना.* धार्नी a weight of twelve paus or two and a half pounds

धारा१ *ना.* धारो tap

धारा२ *ना.* धार line, edge

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारिकम् *ना.* धराली, धरालो guard

धारितम् *ना.* धरौटी a trust, deposit

धावक: *ना.* धोबी a washerman

धिक् *ना.* दिक्, दिक्क sadness, melancholy, depression

धिक्कार: *वि.* दिक्दार, दिग्दार sad, dejected, depressed

धित्करम् *वि.बो.* धत्तेरी, हत्तेरी word used to express sadness, surprise or contempt, etc. when something necessary is forgotten or gone wrong

धितालय: *ना.* धिताल Dhitala sub clan

धुम्याधार: *वि.* धुआँधार smoky, dark, dusky

धुरन्धर:१ *वि.* खुरन्धर, खुरन्धार, खुरान्धार intent, withmind, concentrated

धुरन्धर:२ *वि.* धुरन्धार, धुरान्धार supreme, prominent, matchless

धू: *ना.* धौ straits

धुनक: *ना.* धुनियाँ carder

धूननम् *क्रि.* धुन्नु to card cotton

धूपकार:१ *वि.* धुपौरे one who carries a censer

धूपकार:२ *वि.* धुपौरे sycophant, flatterer

धूपपात्रम् *ना.* धुपौरो a vessel for incense

धूपर: *ना.* धुपौरो censer, thurible

धूम:१ *ना.* धुवाँ smoke, fume

धूम:२ *क्रि.वि.* धुम्म morosely, sullenly

धूमचक्रम् *ना.* धुम्चक्र, धुञ्चक्र uproar, too much, excess

धुमधार: *ना.* धुआँधार extreme

धूमल:१ *वि.* धुमैंलो, घुमैंलो, धमिलो, धमिला hazy, smoky, dim

धूमल:२ *ना.* धुवाँको smoky hogy

धूमल:३ *ना.* तुवाँलो, तुआलो hogy, smoky

धूमस्थ: *वि.* धैंसे, ध्वाँसे, धौंसे, धुवाँसे smoky

धूमित: *क्रि.वि.* डम्म full

धूम्यांश: *ना.* ध्वाँसो fume, carbon, soot

धूम्र: *ना.* धुँवार, धुइँअर, धुइँहर smoke

धूर्त:१ *वि.* धुताहा crafty, wily, sly

धूर्त:२ *वि.* धुतार, धुताहार crafty, wily, sly

धूलि: *ना.* धूलो, धुलो powder, dust

धूलिकीट: *ना.* धुल्याहा a kind of termite

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धूलिखेल: *ना.* धुलिखेल: Dhulikhel place

धूलिपट्टम् *ना.* धुलौटो an earthen powder board for writing on, writing board

धूलिमय: *वि.* धुलाम्मे dusty

धूसर: *वि.* धुस्रो, फुस्रो smoke-coloured, dusky, gray

धूसरित: *वि.* धुसडी, फुसडी grey, dusky

धृतक: *ना.* धीतो security, pledge

धृष्ट: *वि.* ढीटो (अटेर) obstinate, saucy

धृष्टतर: *ना.* थेचरो, थेतरो insistent, obstinate

धेकनम् *क्रि.* देख्नु to look, to see

धेकनरक्षणम् *ना.* देखरेख care, charge, supervision

धौतम् *ना.* धोती, धोता, धोतो a dhoti

धौम्यांशक: *वि.* धैँसे, धौँसे, ध्वाँसे, धुवाँसे smoky

ध्यानम् *ना.* ध्यान, ध्याउन्न, ध्याउन्ना, ध्याउन्नो, धेउन्नो attention, concern

ध्वंस: *ना.* ध्वाँस threat, assault

ध्वंसाध्वंसि: *ना.* घम्साघम्सी a close fight

ध्वज:१ *ना.* धागो thread, cord

ध्वज:२ *ना.* धजा, धोजा, धजो a flag, a shred, a banner; an ensign; a symbol

ध्वज:३ *ना.* धुजा, धुजो, धुज्जा, धुज्जो, धुज्जी a shred, a strip

ध्वजदण्डम् *ना.* झण्डा flag

ध्वनि: *ना.* धुन sound, tune, music

ध्वर: *क्रि.वि.* ध्वर्र, ध्वार्र, धरर्, धरर the sound produced by the current of water falling on the ground, the sound of tearing cloth

ध्वार: *ना.* ध्वार्र the sound produced by the current of water falling on the ground

ध्रुवकूट: *ना.* धुरकोट a prominent village

ध्रुव-१ *ना.* धुर्व, धुर्ब polar star

ध्रुव-२ *वि.* दर्बिलो, दरिलो fixed, immoveable

ध्रुवाङ्गम् *ना.* धोर्याङ् trunk of body

न

न गृहं न घट्ट: *ना.* घर न घाट, घरङ्घाट, घिरिङ्घाट untidy, no fixed abode

नकि *क्रि.वि.* नक् नक denial

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नकुल:१ *ना.* न्याउरो a kitten, moongoose

नकुल:२ *ना.* नेउलो न्याउरो a kitten

नकुली *ना.* न्याउली, नेउली Nyauli bird

नक्र: *ना.* नाक nose

नक्षत्रम् *ना.* नच्छ्यत्र, नच्छेत्र, नछेत्र, नखेत्र a lunar mansion, asterism

नख: *ना.* नङ nail

नखक: *ना.* नक्खी a guitar, quill

नखकर्तनी *ना.* नङकट्नी, नङर्नी, नहर्नी nail cutter; nail clipper

नखर: *ना.* नंग्रा, नंग्री, नंग्रो (दशनंग्री) paws

नगालयी *ना.* निगाली reed, willow

नग्न: *ना.* नङ्गा, नाङ्गा, नाङ्गो, नागा, नागो nacked

नग्न-भुत्यङ्गम् *वि.* नाङ्गो भुतुङ्गो grey, dusky

नग्ना *वि.* नङ्गी, नागी, नाङ्गी nacked

नड: *ना.* नल the hollow stock of corn

नडकट: *ना.* नर्कट a kind of reed

नदी *ना.* डी, दी (रीडी, रामदी, मर्स्याङ्दी) river

नध्री१ *ना.* नारा a rope attached to the yoke of a plaugh pole

नध्री२ *ना.* नेती one of the six acts belonging to the practice of yoga

ननान्दा *ना.* नानी an affectionate term for a child or one's junior

नन्दिता *ना.* नानी an affectionate term for a child or one's junior

नन्दिनी *ना.* नानी, निनी an affectionate term for a child or one's junior

नप्ता *ना.* नाति grandson

नमस्या *ना.* नमाज prayer by Muslim to Allah

नमेरु: *ना.* नमेरो a kind of tree

नम्र: *वि.* नरम soft

नम्रमुण्डक: *वि.* निहुरिमुण्टे bending

नम्राङ्कुर: *ना.* निहुरो fernshoot

नयनम् *ना.* नजर eye glance

नरक:१ *ना.* नर्क hell, anus, penis

नरक:२ *वि.* नरके, नर्के hellish, infernal

नरसिंहक: *ना.* नरसिँगा, नरसिँघा, नरसिङ्गा, नरसिङ्घा trumpet, horn

नर्तक:१ *ना.* नाठो an adulteress, kept husband

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नर्तक:२ *ना.* नटुवा dancer

नर्त्तक:१ *वि.* चटके witchcrafter

नर्त्तक:२ *वि.* नचुवा, नचैया dancer

नर्द: *ना.* नाद sound, noise, cry; roar

नर्म *वि.* नरम soft

नव१ *वि.* नएँ new

नव२ *वि.* नौ nine, 9

नव३ *वि.* नयाँ, नैयाँ new

नवकूट: *ना.* नुवाकोट Nuwakot district or a village

नवति: *ना.* नब्बे ninty, 90

नवनवति: *वि.* उनान्सय, ९९ ninety nine, 99

नवनाडि: *ना.* नौनाडी, नौनारी bodily strength

नवनी: *ना.* नउनी, नौनी fresh butter

नवनीतम् *ना.* नउनी, नौनी, लवनी fresh butter

नवपानीय *ना.* नेउपाने/ न्यौपाने Neupane sub clan

नवबालक: *ना.* नाबालक, नाबालिग child, minor, under aged

नवरात्रि *ना.* नौरथा the first nine days of the bright half of Ashwin or Chaitra

नवल: *वि.* नउलो , नौला, नौलो quite new, fresh

नवल-पारस्करि: *ना.* नवलपरासी Nawalparasi district

नवला१ *वि.* नउली, नौली quite new, fresh

नवला२ *ना.* लैनु, लैनी newly or recently calved

नवलि: *वि.* नौलि new

नवलि: *ना.* नौली one of the six acts belonging to the practice of yoga

नवली१ *वि.* नौली new

नवली२ *वि.* नौली young (girl), new (wife)

नवशिक्षित: *वि.* नौ सिकुवा, नौ सिखुवा, नौ सिखा novice, beginner

नवान्नकम् *ना.* न्वाँगी, नौवङ्गी new corn eating festival

नष्ट: *ना.* नाठो, नाठा kept husband

नष्टा *ना.* नाठी kept wife

नस्त: *ना.* नाथे, नाथ्, नत्थू mean, base, inferior

नस्तक: *ना.* नत्थ nose-bin

नस्तित: *वि.* नाथेको nizzled, with a string through the nose

नस्मरक: *वि.* नासमझ idiot, dumb

नस्य: *ना.* नस snuff; a beam

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नहि१ *क्रि.* हैन no, not

नहि२ *वि.बो.* नाहीँ, नाई no, nay

नाट: *ना.* नाच dance

नाड: *ना.* नाल compost-pit; stem of lily naval

नाडि: *ना.* नारी wrist

नाना भक्ति: *वि.* नानाभाँति of different kinds

नापित: *ना.* नाऊ a barber

नाभिक: *ना.* नाइटो naval

नाभ्यावर्त: *ना.* नाइटो naval

नाम *ना.* नाउँ name

नामक: *वि.* नामा named

नामकरण *ना.* न्वारन naming ceremony, christening

नायक: *वि.* लायक able, capable, fit

नायक:१ *ना.* नाइके leader, captain, hero, main character

नायक:२ *वि.* लाउके interfering fellow

नारकीयम् *ना.* नारकी hellish, infernal

नारङ्गकम्: *ना.* नारङ्गी hellish, infernal

नारिकेलम् *ना.* नरिवल, नरिओल coconut

नालिका *ना.* नाली sewer, gutter, drain, groove

नासिक्यम् *वि.* नाके nasal

निकट: *ना.यो.* नजीक, नजिक, नजिकै near

निकटपरश्वस् *क्रि.वि.* निकपर्सि, निपर्सि, निकोर्सी, कानेपर्सि, कानेकोर्सि the fourth day to come

निकटम् *ना.यो.* निर near by

निकर: *वि.* निक्खर, निक्खरा, निखरा innocent, faultless

निकषा *वि.* नगीच, नगिच, नगीचै near

निकार: *ना.* नकार: denial, refusal

निकारणम् नकारणम् *क्रि.* नकार्नु to deny, to refuse

निकृष्ट:१ *वि.* निखट्टू lazy, idle, unemployed, earning nothing

निकृष्ट:२ *ना.* निकुटो wretched, vile, base

नि:क्षरणम् *क्रि.* निख्रनु to be purified, to be cleanned

